# भद्रपुर नगरपालिका

## स्थानीय राजपत्र

प्रदेश नं. १ झापा नेपाल

भद्रपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ३ भद्रपुर, बैशाख १३ गते, २०७५ साल,  संख्या ५

भाग २

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको नीति सर्वसाधारणका लागि प्रकाशन गरिएको छ ।

**भद्रपुर नगरपालिकाको**

# बाल संरक्षण नीति

## २०७५

*स्वीकृत मिति: २०७५/१२/२८*

*प्रमाणीकरण मिति : २०७६/०१/०१*

## प्रतिवद्धता

बालबालिका सवैका प्यारा ! बालमैत्री नगर सवैको अभिभारा !! भन्ने मुल नारा सहित भद्रपुर नगरपालिकालाई बालमैत्री स्थानीय शासन युक्त नगर घोषणा गर्ने लक्ष्य सहित अगाडि वढीरहेकोछ । नगरमा वसोवास गर्ने सवै जातजति,वर्ग,क्षेत्र र समुदायका वासिन्दाको जीवनयापनका लागि आवश्यक पर्ने आधारभूत सेवाहरुमा पहुँच वढाई नागरिकहरुको अधिकार प्रत्याभूत गर्न भद्रपुर नगरपालिका योजनाबद्ध रुपमा लागेकोछ । स्थानीय तहहरुले आफनो क्षेत्र भित्र रहेका सवै वर्ग र क्षेत्रको सन्तुलित विकास गर्ने जिम्मेवारी रहकोछ । नेपालको संविधानले व्यवस्था गरे वमोजिम स्थानीय तहका एकल अधिकार अधिकारको कार्यान्वयनमा ल्याउन सम्वन्धित स्थानीय तहले आवश्यक पर्ने ऐन, नीति ,कार्यविधि बनाएर नागरिकहरुका माग र समस्याको सम्बोधन गर्न सक्ने व्यवस्था गरिएकोछ ।

संविधान,ऐन,नियम र महासन्धीहरुको पालना गर्दै भविस्यका कर्णदारका रुपमा रहेका बालबालिकाहरुको समृद्धिका लागि उनीलहरुले भोगेका समस्या र जोखिमवाट समयमा संरक्षण गरी बालबालिकाहरुको विकासका लागि आवश्यक पर्ने कार्यहरु गर्न जरुरी हुन्छ । भोलिका लागि दक्ष नागरिक तयार गर्न बालबालिकाहरुको बचावट संगै हेला र दुर्व्यहारवाट समयमा नै संरक्षण गर्न अत्यावश्यक हुन्छ । बालबालिकाहरुको पालन पोषण ,स्थाहार, खोप,जन्मदर्ता खेल मनोरञ्जन,शिक्षा र सामाजिक गतिविधिहरुमा संलग्न गराई व्यवहारिक वनाउन अभिभावक ,समुदाय र स्थानीय तह समेतको साझा दायित्व हो । बालबालिकाहरुको लागि सेवा सुविधाहरुको वितरणले मात्र पर्याप्त नहुन सक्छ । बालबालिकाहरुको शारीरिक,मानसिक,संवेगात्मक,सामाजिक र वौद्धिक पक्षको विकासका लागि लगानी गर्ने र अन्तराष्ट्रिय र राष्ट्रिय प्रतिवद्धताहरुको कार्यान्वयन गर्न आवश्यक रहन्छ ।

संविधान र ऐनको कार्यान्यवनमा ल्यायी बालबालिकाहरुको हितकारी कार्य गर्न नीति तयार गरी कार्यान्वयनमा ल्याउन आवश्यक रहेकाले युनिसेफ नेपालको सहयोगमा भद्रपुर नगरपालिकाले बालबालिकाहरुमा रहेका र उनीहरुले वर्तमान अवस्थामा भोगेका समस्या र जोखिमहरु पहिचान साथै विश्लेषण गरी बालबालिकाहरुको हितका लागि बाल संरक्षण नीति तयार गरियो। बाल संरक्षण नीतिको पालना र कार्यान्वयन गर्न हामी सवैले आ-आफनो क्षेत्रवाट गरिएको प्रतिबद्धता पुरा गर्न आवश्यक र अनिवार्यता रहेकोछ । बालबालिकाहरुलाई उचित मायाँ ,खानपिन, आरम, सरसफाई,जोखिमवाट संरक्षण गर्न स्थानीय सरकार संचालन ऐनले स्रोतको आंकलन गर्ने र नागरिकहरुको समान हैसियत कायम गर्नका लागि वजेट विनियोजनका आधारहरु र लगानी गर्ने समेत किटान गरि स्थानीय तहले गर्ने पर्ने कार्यहरु र जिम्मेवारी समेत तोकिएकोछ ।

भद्रपुर नगरपालिकाको प्रगति र समृद्धि नै क्षमतावान तथा दक्ष नागरिक तयार गर्नु हो । आजका बालबालिका भोलिका दक्ष तथा क्षमतावान नागरिक हुने हुदा भद्रपुर नगरपालिका भित्र रहेका सेवा प्रवाह गर्ने निकाय, निर्वाचित पदाधिकारी ,राजनीतिक दल,सामाजिक संघसंस्था, विद्यालय, बालक्लव, शिक्षक, उद्योगी व्यापारी , अभिभावक सहति सवै नागरिकहरुको दायित्व हो । बालबालिकाहरु माथि हुने जोखिम तथा दुर्व्यवहार रोक्न आवश्यक कानूनी कार्यवाहीको दायरामा ल्याउन र खवरदारी गरी बालबालिकाको भविस्य उज्जवल वनाउन बाल संरक्षण नीतिले सहयोग पु-याउन सहयोग गर्नेमा विश्वास लिएकोछु । बाल संरक्षण नीतिको पूर्ण पालना गरी भद्रपुर नगरपालिकालाई बालमैत्री स्थानीय शासन युक्त नगर बनाउन सहयोग पुग्नेछ । बाल संरक्षण नीति तयार गर्ने कार्यमा सहयोग पु-याउनु हुने सवै क्षेत्र ,वर्ग र समुदायमा हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा बालबालिकाहरुको लागि हितकारी कार्यमा आवश्यक सहयोग साथै सकरात्मक सल्लाह र सुझावको अपेक्षा गरिएकोछ ।

........................
जीवन कुमार श्रेष्ठ
प्रमुख
भद्रपुर नगरपालिका

## प्रतिवद्धता

देशको विकास र भविस्य कस्तो रहन्छ भन्ने संग बालबालिकाहरुको संरक्षण र विकाससित जोडिएको हुन्छ । भद्रपुर नगरपालिकामा रहेका सम्पूर्ण बालबालिकाहरुलाई शारीरिक,मानसिक,संवेगात्मक रुपमा गरिने हिंशा र दुर्व्यवहार बाट बचाउनु हामी सवैको दायित्व रहेकोछ । परिपक्वताका लागि तयार हुदै गरेका बालबालिकाहरुलाई वयस्कहरुले आफु अनुकुल वनाउने बहानामा उनीहरु माथि अनेककान प्रकारका यातना दिने प्रचलनलाई रोकी भद्रपुर नगरपालिकाले कानूनी मूल्यमान्यताको आत्मसाथ गर्न सरोकारवालाहरुलाई बालबालिकाको अधिकारको पालना गराउन प्रतिबद्धता सहितको बाल संरक्षण नीति तयार गरी लागु गर्ने प्रयास गरिएकोछ ।

बालमैत्री स्थानीय शासन युक्त नगर घोषणा गर्ने लक्ष्य लिएको भद्रपुर नगरपालिका र नगरवासीहरुले यो अभियान पुरा गर्न घोषणा पछि बालमैत्री बानी व्यवहार गरी संविधान र ऐन नियमको पालना गर्दै सुशासन गर्न पनि अत्यावश्यक रहेको छ । भद्रपुर नगरपालिकामा वसोवास गर्ने सवै जातजति,वर्ग,क्षेत्र र समुदायका वासिन्दाको जीवनयापनका लागि आवश्यक पर्ने आधारभूत सेवाहरुमा पहुँच वढाई नागरिकहरुको अधिकार प्रत्याभूत गर्न भद्रपुर नगरपालिका योजनाबद्ध रुपमा लागेकोछ । नगरपालिका क्षेत्र भित्र रहेका सवै वर्ग र क्षेत्रको सन्तुलित विकास गर्ने जिम्मेवारी रहकोछ । नेपालको संविधानले व्यवस्था गरे वमोजिम स्थानीय तहका एकल अधिकारको कार्यान्वयनमा ल्याउन सम्वन्धित स्थानीय तहले आवश्यक पर्ने ऐन, नीति ,कार्यविधि बनाएर नागरिकहरुका माग र समस्याको सम्बोधन गर्न सक्ने व्यवस्था गरिएकोछ ।

बालबालिकाहरुको समृद्धिका लागि उनीलहरुले भोगेका समस्या र जोखिमवाट समयमा संरक्षणका लागि हामीले नैतिक मूल्यमान्यताहरुको निर्माण साथै परिवपालना गर्न सकेमा मात्र समृद्ध नेपाल र सुखि नेपाली राष्ट्रको लक्ष्य पुरा गरी भोलिका लागि दक्ष नागरिक तयार गर्न साथै बालबालिकाहरुको बचावट संगै हेला र दुर्व्यहारवाट समयमा नै संरक्षण गर्न अत्यावश्यक हुन्छ । बालबालिकाहरुको पालन पोषण ,स्थाहार, खोप,जन्मदर्ता खेल मनोरञ्जन,शिक्षा र सामाजिक गतिविधिहरुमा संलग्न गराई व्यवहारिक वनाउन अभिभावक ,समुदाय र स्थानीय तह समेतको साझा दायित्व हो । भद्रपुर नगरपालिकाले बालबालिकाहरुले वर्तमान अवस्थामा भोगेका समस्या र जोखिमहरु पहिचान साथै विश्लेषण गरी बालबालिकाहरुको हितका लागि बाल संरक्षण नीति तयार गरियो। बाल संरक्षण नीतिको पालना र कार्यान्वयन गर्न हामी सवैले आ-आफनो क्षेत्रवाट गरिएको प्रतिबद्धता पुरा गर्न आवश्यक र अनिवार्यता रहेकोछ ।

बालबालिकाहरुलाई उचित मायाँ ,खानपिन, आरम, सरसफाई , जोखिमवाट संरक्षण गर्न स्थानीय सरकार संचालन ऐनले स्रोतको आंकलन गर्ने र नागरिकहरुको समान हैसियत कायम गर्नका लागि वजेट विनियोजनका आधारहरु र लगानी गर्ने समेत किटान गरि स्थानीय तहले गर्नै पर्ने कार्यहरु र जिम्मेवारी समेत तोकिएकोछ । भद्रपुर नगरपालिमकाको प्रगति र समृद्धि नै क्षमतावान तथा दक्ष नागरिक तयार गर्नु हो । बालबालिकाहरु माथि हुने जोखिम तथा दुर्व्यवहार रोक्न आवश्यक कानूनी कार्यवाहीको दायरामा ल्याउन र खवरदारी गरी बालबालिकाको भविस्य उज्जवल वनाउन बाल संरक्षण नीतिले सहयोग पु-याउन सहयोग गर्नेमा विश्वास लिएकोछु । बालबालिकाहरु नै भोलिका दक्ष नागरिक तयार हुने हुदा बालबालिकाहरुको संरक्षण गरी भद्रपुर नगरपालिका भित्र रहेका सेवा प्रवाह गर्ने निकाय, निर्वाचित पदाधिकारी ,राजनीतिक दल,सामाजिक संघसंस्था, विद्यालय, बालक्लव, शिक्षक, उद्योगी व्यापारी ,अभिभावक सहति सवै नागरिकहरुले बालबालिकालाई असल बानी व्यवहार गर्दै उनीहरुको अधिकार सुनिश्चितता गरी बाल संरक्षण नीतिको कार्यान्वयनमा ल्याउन अनुरोध गर्दछु ।

.......................

चन्द्रा श्रेष्ठ

उप प्रमुख

भद्रपुर नगरपालिका

## विषय सूचि


| *सि.नं.* | *शीर्षक* | *पेज* |
| --- | --- | --- |
| | नगरपालिकाको नक्सा | २ |
| | बालसंरक्षण नीतिको प्रतिवद्धता | ४ |
| १ | परिचय | ६-७ |
| २ | बाल संक्षरणको विद्यमान स्थिति | ७-१० |
| ३ | बाल संक्षरणका लागि विगतमा भएका गतिविधि | १०-१२ |
| ४ | बालबालिकाहरुका मुख्य समस्या र सवालहरु | १२-१४ |
| ५ | बाल संरक्षण नीतिको आवश्यकता | १५-१७ |
| ६ | बालसंरक्षण नितिको सिद्धान्तहरु | १७-१८ |
| ७ | नीतिको सोच | १८ |
| ८ | बाल संरक्षण नीतिको लक्ष्य | १८ |
| ९ | बाल संरक्षण नीतिको उद्धेश्य | १८ |
| १० | बाल संरक्षण नीति | १८-२२ |
| ११ | रणनीति | २३-२५ |
| १२ | कार्यक्रम | २५-२६ |
| १३ | संस्थागत व्यवस्था र क्षमता विकास | २६ |
| १४ | बाल संरक्षण गर्ने निकाय र भुमिका | २६-२८ |
| १५ | नीतिको कार्यान्वयन | २८-२९ |
| १६ | अनुगमन र मूल्याङ्कन प्रणाली | २९ |
| १७ | नीतिको पुनवरालोकन | २९ |
| १८ | बाल संरक्षणको कार्ययोजना | २९-३० |
| १९ | सरोकारवालाहरुको आचार संहिता र प्रतिबद्धता | ३०-३५ |
| २० | सन्दर्भ सूचि | ३६ |

**१.परिचयः** प्रदेश नं १ अन्तर्गत झापा जिल्लामा रहेको भद्रपुर नगरपालिका विक्रम सम्वत २००८ सालमा स्थापित भएको हो । जिल्लाका १५ वटा स्थानीय तहहरु मध्ये पुरानो नगरकोको रुपमा रहेको भद्रपुर नगरपालिका जिल्लाको सदरमुकाम समेत रहेकोछ । नेपालको पुर्वी सिमानामा अवस्थित भद्रपुर नगरपालिका भारतको सिमानासंग जोडिएकोछ । भद्रपुर नगपालिकालाई विर्तामोड-भद्रपुर, चारली-केचना, पुर्व पश्चिम हुलाकी सडकले छोएको छ । नगरपालिका १० वटै वडामा यातायात सुविधाको लागि सडक पुगीसकेकोछ। भद्रपुर नगरपालिकाको सिमाना पूर्वमा भारतको पश्चिम वंगाल र विहार प्रान्त, उत्तरमा मेचीनगर नगरपालिका,दक्षिणमा कचनकवल गाउँपालिका र पश्चिममा हलिदबारी गाउँपालिकासंग जोडिएकोछ । नगरपालिका २६ं २५’२१”उत्तरी अक्षाँस देखि २६ं ३७’ ००”उत्तरी अक्षाक्ष र ८८ं ०६’४५”पूर्वी देशान्तर देखि ८८ं ०२’०९” पूर्वी देशान्तर सम्म फैलिएकोछ । भद्रपुर नगरपालिकामा रहेको कुल जनसंख्या ७०,७३१ मध्ये महिला ३५,१३६ पुरुष ३५,५९५ रहेको छ । मेची अञ्चल अन्तरगर्त पाँच निर्वाचन क्षेत्रहरुमा झापा जिल्लामा पन्द्र स्थानीय तहहरु रहेकाछन । एक र तीन निर्वाचन क्षेत्रमा भद्रपुर नगरपालिका रहेकोछ। भद्रपुर नगरपालिका मेची नदिको किरारमा अवस्थित नगरपालिकाको अधिकाँक्ष भू भाग समथल रहेकोकोछ । भद्रपुर नगरपालिका समुन्द्री सतहबाट ६८ देखि ११३ मिटरको उचाईमा अवस्थित क्षेत्रफल करिब ९६.३५ वर्ग किलोमिटर रहेको छ ।

भद्रपुर नगरपालिकामा १४,७७३ घरधुरीमा ३५,१३६ महिला र ३५,५९५ पुरुष समेत ७०,७३१ जनसंख्या रहेकोछ । नगरपालिकामा बालबालिकाहरुको संख्या २१,६४३ रहेकोछ । कुल जनसंख्यमा करिव ३०.५९ प्रतिशत बालबालिकाको हिस्सा रहेकोछ । नेपालको संघीय संरचना अनुसार गठित स्थानीय तहले आफनो क्षेत्र भित्र रहेका सवै वर्ग र क्षेत्रको सन्तुलित विकास गर्ने जिम्मेवारी रहेकोछ । नेपालको संविधानले व्यवस्था गरे वमोजिम स्थानीय तहका एकल अधिकार अधिकारको कार्यान्वयनमा ल्याउन सम्वन्धित स्थानीय तहले आवश्यक पर्ने ऐन, नीति ,कार्यविधि बनाएर नागरिकहरुका माग र समस्याको सम्बोधन गर्न सक्ने व्यवस्था गरेकोछ । स्थानीय तहका पदाधिकारीहरुको नेतृत्व विकास गर्दै नागरिक प्रति जवाफदेही,उत्तरदायि,पारदर्शिता र समावेशी विकास नीतिको अवलम्वन गरी लोकतन्त्रका लाभहरुको सन्तुलित,सर्वसुलभ र गुणस्तरीय रुपमा सवै नागरिकहरुले प्राप्त गर्न सक्ने वातावरणका लागि स्थानीय तहका पदाधिकारीहरुको जिम्मेवारी साथै भूमिका रहेको स्थानीय सरकार संचालन ऐन २०७४ मा प्रावधान रहेकोछ ।

प्रत्येक स्थानीय तहले आफनो स्रोतको आंकलन गर्ने र सवै क्षेत्र ,वर्गका नागरिकहरुको समान हैसियत वनाउनका लागि वजेट विनियोजनका आधारहरु र लगानी गर्ने आधारहरु समेत किटान गरि स्थानीय तहले गर्नै पर्ने कार्यहरु जिम्मेवारी प्रदान गरेकोछ । भद्रपुर नगरपालिकाले योजनावद्ध विकास निर्माण कार्य संचालन गर्दै आएको भएता पनि बालबालिको क्षेत्रमा रहेका समस्याहरुको पहिचान र समाधानका लागि उपयुक्त कार्यक्रमको छनौट वस्ती र वडातहबाट नगरिएता पनि बालबालिकाहरुको स्वास्थ्य, शिक्षा र खेलकुदमा रकम छुटियाई क्रियाकलापहरु संचालन गर्दै आएकोछ। बल बचाउँ,संरक्षण ,विकास र सहभागिता हुन पाउने अधिकार सुनिशिचतताका लागि अन्तराष्ट्रिय र राष्ट्रियस्तरमा गरिएका प्रतिबद्धताहरुको कार्यान्वयनमा प्राथमिकता दिई कार्य संचालनमा ल्याउन प्रारम्भ गरिरहेको अवस्था छ ।

बालबालिका लक्षित कार्यक्रमहरु खोप अभियान,जन्मदर्ता शिविर ,बाल श्रमशोण,हिंशा,दुव्यखास गरी बालबालिका लक्षित गतिविधि तथा कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालन गर्दै आएकोछ। स्थानीय तह कृषि खेती ,पशुपालन र व्यापारीक स्थलको रुपमा रहेकोछ । भद्रपुर नगरपालिका भित्र रहेका होटल, यातायात, व्यवसाय र घरेलु बाल

श्रमिकहरुका रुपमा ५ संख्या रहेकाछन । बालबालिकाहरुका लागि आवश्यक पर्ने पोषण , खोप ,स्वास्थ्य सेवा, बाल विवाह ,कुटपिट, श्रमशोषण वच्न पाउने आधारभूत तह सम्मको शिक्षा र बालबालिकाको सहभागिता हुन पाउने अधिकार पाउन सकेका अवस्था छैनन । बाल विवाह १०० जना गालीग्लोज कुटपिटबाट ४३८०,यौनशोषणबाट ८२ जना, सडक बालबालिकाहरु १३ जना रहेकाछन । स्थानीय तहमा क्रियाशील सामाजिक संघसंस्थाहरु र विद्यालयका बालबालिकाहरुसंगको सहकार्यमा शिक्षाबाट बञ्चित बालबालिकाहरुले (श्रमिक, दलित, आदिबासी, जनजाति) शैक्षिक सेवा सुविधामा उनीहरुलाई प्राथमिकतामा राख्नु पर्छ भन्ने सोचको विकास हुन थालेकोछ । खोप अभियान, पोलियो थोपा, भिटामिन ए जस्ता बाल बचावटका क्षेत्रमा प्रगति भएको्छ । नगरपालिकाले बालबालिकाको क्षेत्रमा संचालनमा ल्याएका कार्यक्रमहरुले बालबालिकाको आफनो अधिकार प्राप्त भई चौतफी विकासमा सुधार आउनेमा सन्तोष मानेर वसी हाल्ने अवस्था देखिदैनन। नगरपालिका भित्र बालबालिकाहरु माथि गरिने हिंशा साथै अमानवीय क्रियाकलापहरु वाट बालबालिकोको संरक्षण गर्न सरोकारवाला निकाय देखि अभिभावक र स्वयं बालबालिकाकालाई जिम्मेवारी वनाउदै अनुशासित साथै बालबालिकाको संरक्षण गर्नु पर्छ भन्ने मुल्यमान्यता र सकरात्मक सोचको विकास संस्थागत गर्न आवश्यकता छ ।जोखिममा परेका बालबालिकाहरुको संरक्षणका लागि घरपरिवार,विद्यालयहरुमा शिक्षक र विद्यार्थीहरुले पालना गर्नुपर्ने अलगअलग आचारसंहिता तयार गरी कार्यान्वयनमा ल्याउन अत्यावश्यक रहेकोछ । सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरुसहितलाई भयरहित शिक्षण सिकाइ सम्बन्धी तालिम प्रदान गर्न आवश्यत्ता रहेकोछ ।

बालबालिकाहरुका लागि लक्षित गतिविधि तथा कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालनमा ल्याएको भएतापनि हिंशा र दुर्व्यवहारवाट जोखिममा परेका बालबालिकाहरुको संरक्षण गर्ने नीति र नियम बन्न सकेको छैन । बालबालिकाहरुको चौतर्फी विकासका निम्ति बालबालिकाहरुले भोगेका समस्या तथा सवालहरुलाई संस्थागत रुपमा समाधान गर्ने अभिप्रायले बालसंरक्षण नीति तयारीका लागि तत्परता देखाउनु भद्रपुर नगरपालिकाको कार्यलाई सकरात्मक पक्षको रुपमा लिनु पर्दछ । बाल संरक्षण नीतिले बालबालिकाको सर्वोत्तम हितको लागि बालबालिका सम्बन्धी राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता र मूल्य मान्यताको व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याउन सहयोग पुग्नेछ । भद्रपुर नगरपालिकाले योजना तथा कार्यक्रमलाई थप प्रभावकारी बनाउन, आवश्यकता अनुसार सुधार ल्याउन नगरपालिका भित्र कार्यरत विभिन्न निकायहरुलाई बालबालिकाहरुको संरक्षण गर्ने कार्यमा एकरुपता ल्याउन र बालबालिका सम्बन्धी संघसंस्थाको सुदृढीकरण गर्नमा सहयोग सिद्ध हुने अपेक्षा गरिएकोछ ।

## २.बालसंरक्षण तथा विकासको विद्यमान स्थिति

भद्रपुर नगरपालिकाले बाल संरक्षण र सम्बर्द्धन लागि औपचारिक रुपमा नीतिगत कार्य संचालन गर्ने सोचको सुरुवताको गरिएकोछ । बालबलिकाहरुको वृद्धि र विकासका लागि संचालन गरिएका कार्यक्रमहरु पर्याप्त र दिगो छैन । विभिन्न सरोकारवालाहरुसँगको एकिकृत प्रयासपछि सरकारी र गैरसरकारी निकायको प्रयासमा बाल संरक्षण र बाल हितका क्रियाकलापले सम्पुर्ण बालबालिकाहरुका आधारभुत आवश्यकता सम्वोधन गर्न सकेको छैन। बालबालिकाको क्षेत्रमा भद्रपुर नगरपालिकामा के कस्ता समस्या र सवालहरु छन भन्ने कुराको पहिचान हुन जरुरीछ । युनिसेफ नेपाल र भद्रपुर नगरपालिकाको आयोजनामा नगर भित्र रहेका निर्वाचित पदाधिकारीहरु, विषयगत शाखा, प्रमुख साझेदार निकाय र बाल क्लव साथै बालबालिकाको संरक्षणका क्षेत्रका कार्यरत

संघसंस्थाहरु समेतको उपस्थितिमा बाल संरक्षण नीति निर्माण कार्याशाला संचालन गरियो । कार्याशाला वाट सरोकारवाला निकायहरुवाट बालबालिकाहरुमा गरिएको व्यवहार ,जोखिमका घटनाहरु र समस्या तथा सवालको पहिचान गरिएकोछ । बालबालिकाहरुलाई दवावमा राख्नु, कुटपिट गर्नु, भेदभाव गर्नु,श्रमिकको रुपमा काम गराउनु,उमेर नै नपुगी विवाह गरिदिनु ,उपेक्षा गर्नु,कुलतमा संलग्न गराउनु, जोखिमपूर्ण श्रममा लगाउनु र भेदभाव गरिनु ,फोहोर वातावरण हुनु,स्वास्थय र खोपमा ध्यान नदिनु ,शोषण,हिंशा, श्रमशोषण हुनु, ,नियमति विद्यालय जान नपाउनु , घरपरिवार साथै अन्य निकायमा हुने निर्णय प्रक्रियामा बालबालिकाहरुको विचार भावना वुझेर सहभागीता नगराउने जस्ता गतिविधिहरु मूख्य सवालका रुपमा देखा परेकाछन । अधिकार विहिन र जोखिममा परेका बालबालिकाहरुको उद्धार र संरक्षण गर्न भद्रपुर नगरपालिकाले बाल संरक्षण नीति निर्माण गरी बाल अधिकारको प्रवर्द्धनबाट बालबालिका संबर्द्धन गर्दै उनीहरुको बाँच्न पाउने,संरक्षण हुन पाउने,वृद्धि र विकास हुने र आफु आफनावारेमा हुने निर्णय प्रक्रिमामा अर्थपुर्ण सहभागिता हुन पाउने अधिकार सुनिश्चितता गर्न अग्रसरता देखाएकोछ । बालबालिकाहरुको संरक्षणमा स्थानीयवासीहरुले आफूलाई परिवर्तन गर्न सक्ने मुल्यमान्यता र नीतिको तयारी साथै कार्यान्वयनमा ल्याउन थालिएको छ ।

नेपालको संविधान,बाल अधिकारको अन्तराष्ट्रिय महाशन्धी,बालबालिका सम्वन्धि ऐन २०७५,बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविबिधि २०६८ ले तय गरेका सेवा प्रवाह र संस्थागत सूचकको पुरा गरी भद्रपुर नगरपालिकाले जोखिममा परेका बालबालिकाहरुको उद्धार गर्न कानूनी नीति नियमको पालनाका निम्ति बालमैत्री स्थानीय शासन अवलम्वन गर्ने प्रतिबद्धा गरी पुरा गर्न अभियान संचालनमा ल्याएकोछ । बालबालिकाहरुको संस्थागत रुपमा संरक्षण र जोखिम घटाउन स्थानीय तहले प्रतिवद्धता गरी बालबालिकाहरुको जन्म दर्तालाई सतप्रतिशत बनाउन, बालबालिकालाई कुपोषणबाट मुक्त गर्न, बाल विवाह र कम उमेरमा विवाह गर्ने गलत प्रथाको पूर्ण अन्त्य गर्न, निकृष्ट श्रममा संलग्न भईरहेका बालबालिकाहरूको उद्धार गर्न, बालबालिकामा हुने हिंसा र दुर्व्यवहारका घट्नाहरू समेतबाट पिडित बालबालिकाहरुको उद्धार र संरक्षणको वातावरण सृजना गर्न, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, अपाङ्गता भएका, शहरी ग्रामीण र गरिबीको मारमा परेका, पछाडि पारिएका परिवारका बालबालिकाको शिक्षा, स्वास्थ्य, सूचना, अवसर, संरक्षण लगायतका सेवाको सुनिश्चितता, पहुँच र सामाजिक सुरक्षाको स्थितिमा पूर्ण सुधार गर्न अझै मेहनत र प्रयास गरी सवै सरकारवालालाई बालबालिका प्रति जिम्मेवारी र उत्तरदायि वनाउन आवश्यकता रहेकोछ। घरवारविहिन,विपन्न, परिवारविहिन,बाल श्रमिक,सडक बालबालिका,द्वन्द्वबाट पीडित र जोखिममा रहेका बालबालिकाको लागि सामाजिक सुरक्षा र पुनःर्स्थापना गर्ने नीतिगत मूल्यमान्यता,योजना र कार्यक्रमहरु वनाई बालबालिकालाई प्राथमिकतामा राखी लगानी गर्न सकिएको छैन ।

नगर भित्र व्याप्त गरीवी,अशिक्षा, पारिवारिक द्धन्द्ध र बालबालिकाविरूद्ध हुने गरेका हिंसा, शोषण तथा दुर्व्यवहारका घटनाहरूले गर्दा बाल अधिकार कुण्ठित हुने गरेकोछ । बालबालिकाको बाँच्न पाउने,हेला दुर्व्यवहारवाट संरक्षण हुन पाउने, उमेर अनुसारको शारीरिक वृद्धि र विकास हुने साथै बालबालिकाको जीवनमा सरोकार राख्ने विषयमा उनीहरुको अर्थपुर्ण सहभागिता हुन पाउने अधिकार सुनिश्तिता गर्ने दायित्व अभिभावक र स्थानीय तहको रहेकोछ । बालबालिका माथि हुने जोखिमका घट्नाबाट पिडित बालबालिकाको पुनर्स्थापनाका लागि एकिकृत संस्थागत व्यवस्थाको अभाव रहेको छ । बाल संरक्षण नीतिले घर, परिवार, प्रतिष्ठान,होटल व्यवसायी, उद्योग, कलकारखाना

लगायत सरोकारवाला संघ सस्थासँगको समन्वयात्मक क्रियाशीलतालाई थप मजबुत बनाई बालबालिकाहरुले भोगेका समस्या/सवालहरुको समाधानका लागि अभियान,लगानी गर्ने वातावरण सहित उनीहरुको सवाललाई समयमा सम्बोधन गर्दै जानु पर्ने अवस्था छ ।

**भद्रपुर नगरपालिका बालबालिकाहरु आधार अवस्था २०७५**

| *क.सं* | *बाल संरक्षण तथा विकास सम्वनिध विवरण* | *संख्या* | *प्रतिशत* |
|---|---|---|---|
| १ | गर्भवति महिलाहरुको नियमित स्वास्थ्य जाँच र पोषिलो खाना साथै आराम | ४९३ | |
| २ | आइरन चक्की र टिडि खोप लिने गर्भवति महिला | ४९३ | १००% |
| ३ | स्वास्थ्य संस्थामा प्रसुति गर्ने र सुत्केरी पछि आमा र नवशिशुको एक हप्ता भित्र तीन पटक जाँच गर्ने | ३५४ | ९१% |
| ४ | नियमित बालबृद्धि अनुगमन गर्ने बालबालिका | १४२६ | २६.६६% |
| ५ | बालबालिकाहरुलाई पोषिलो खाना दिने घरधुरी | ८१६८ | |
| ६ | पोषित बालबालिका | ६२८ | |
| ७ | पोषित नभएका बालबालिका | ६७ | |
| ८ | छ महिना सम्म आमाको मात्र स्तनपान खाने बालबालिका | १००७ | ७८.५% |
| ९ | पुर्ण खोप लिने बालबालिकाहरुको संख्या | | १००% |
| १० | सुद्ध खानेपानीको प्रयोग | | ९७% |
| ११ | घर र विद्यालयमा शौचालयको नियमति प्रयोग र साबुन पानीको प्रयोग | | ६०% |
| १२ | जन्मेको ३५ दिनमा जन्म दार्ता भएका बालबालिका | | |
| १३ | ५ वर्ष भित्र जन्म दार्ता भएका बालबालिका | ४१४२ | ७७.४५% |
| १४ | बाल विवाह १८ बर्ष नपुगी | १०० | ०.५% |
| १५ | २०७५ को सर्वेक्षणका आधारमा नगर भित्र रहेको बालश्रमिकहरूको संख्या | ५ | ०.०३% |
| १६ | बाल उद्धार तथा परिवार पुनरस्थापना संख्या | ० | ० |
| १७ | बाल श्रमिक उद्धार कार्यक्रम सञ्चालनका कारण आफै पुनरस्थापनामा गएका बालबालिकाको संख्या (संस्थागत हेरचारमा रहेका) | ३५ | |
| १८ | यातायातमा पानी तथा अन्य सामग्री बेच्ने बालबालिकाहरु | ० | |
| १९ | जोखिमपूर्ण काम (जस्तै गिट्टी ढुंगा कुट्ने, सवारी साधनमा काम गर्ने, ईटाभट्टा, कलकारखाना र होटलमा काम गर्ने, भरिया र रिक्सा, ठेलाको काम गर्ने) मा संलग्न बालकको संख्यामा कमि | ० | |
| २० | २०७५ को सर्वेक्षणका आधारमा नगर भित्र१४ बर्ष मुनिका श्रममा संलग्न बालबालिका | ५ | |
| २१ | भद्रपुर नगरपालिका भित्र १५-१८ बर्षका श्रममा सम्लग्न | | |
| २२ | सडक बालबालिका | १३ | ०.०५६% |
| २३ | कुलतमा लागेका बालबालिकाहरु | १७ | |
| २४ | कुटपिट र गालीग्लोजमा परेका बालबालिकाहरु | २३६९ | |
| २५ | कृयाशिल महिला स्वास्थ्य स्वयम् सेविका संख्या | ५४ | |

| | | | |
|---|---|---|---|
| २६ | हिंसा, दुर्व्यवहार, हेला, यौन शोषण | ८२ | ०.३८% |
| २७ | भेदभाव | २५ | |
| २८ | अत्म हत्या | ० | |
| २९ | कर्तब्य | ० | |
| ३० | भवितब्य | ० | |
| ३१ | बेचविखन | ० | ० |
| ३२ | अपहरण (बालक ० र बालिका ०) | ० | ० |
| ३३ | भिन्न क्षमताका बालबालिकाहरु | १०४ | ०.५ |
| ३४ | नागरिक सचेतनाका लागि अभिभावक शिक्षा प्रदान गरिएका घर परिवार संख्या | | ४४% |
| ३५ | विद्यालय हाता भित्र वा विद्यालय अगाडि बालबालिकालाई असर गर्ने खाद्य पदार्थको विकि वितरण | | |
| ३६ | विद्यालय कक्षा भित्र मोवाइल लागयतका चिज बस्तुको अनावश्यक प्रयोग | | |
| ३७ | बाल विकास केन्द्रमा सहभागि हुने बालबालिका | १३५४ | ४४.८% |
| ३८ | कक्षा १ मा विद्यालय भर्ना हुने बालबालिका | | ९३.८% |
| ३९ | विद्यालयमा विद्यार्थीको नियमितता | | ८५% |
| ४० | आधारभूत तहको शिक्षा पुरा गर्ने बालबालिका | | |
| ४१ | खेल सामग्री तथा अतिरिक्त क्रियाकलाप नियमित संचालन हुने विद्यालय | | |
| ४२ | विद्यालयमा खानेपानी र शौचालयका प्रवन्ध | ६२ | १००% |
| ४३ | भयरहित शिक्षण सिकाइ वातावरण भएका विद्यालय | | |
| ४४ | स्वच्छ सफा र आर्कषक  वातावरण भएका विद्यालय | ५९ | |
| ४५ | बालबालिकाको भावना  र विचारको सुनुवाई | ३१ | |
| ४६ | घरपरिवारको निर्णय प्रक्रियमा बालबालिकाको सहभागिता  गर्ने घरधुरी | ७०८२ | ४८% |
| ४७ | बालक्लवको गठन गरिएको विद्यालय | ६२ | |
| ४८ | विद्यालय व्यवस्थापन समितिमा बालक्लवको प्रतिनीधित्व गराउने विद्यालय | ३१ | |
| ४९ | वडास्तरीय वाल क्लव संजालको संख्या र वडाको योजना तर्जुमा प्रक्रियामा बालक्लवको सहभागिता  गर्ने वडा | १० | |
| ५० | स्थानीय तहमा रहेका संरचनाहरु र तीनिहरुमा बालबालिकाको सभागिताको स्थिति | ११ | |

**३.बालसंरक्षण तथा बाल विकासका हितमा संचालन गरेको विगतका  गतिविधि :**

भद्रपुर नगरपालिकामा बालबालिकाहरुको लागि संचालनमा ल्याएका गतिविधिहरु अभिभावकहरुलाई सचेतना पोषण सम्वन्धि सचेतना र सहयोग, विद्यार्थी भर्नाका लागि दलित घरपरिवारमा घरदैलो कार्यक्रम,विपन्न घरपरिवारलाई सहयोग र चर्पी निर्माणका लागि सामग्री सहयोग,खेलकुद सामग्री र पोशाक वितरण,उद्धारकोष स्थापनाका लागि पहल,महिला स्वास्थ्य स्वयसेविकाद्धारा स्वास्थ्य सेवा  सम्वन्धी सचेतना,सडक नाटक, जोखिममा परेका बालबालिकाहरुको उद्धारका लागि कोष , छात्रवृत्ति वितरण,खोप र स्वास्थ्य सेवा,विद्यालयको भौतिक निर्माण र विद्यालय भर्ना अभियान जस्ता क्रियाकलापहरु बालबालिकाहरुको लागि संचालन गरिएकोछ । भद्रपुर नगरपालिकामा बालबालिकाहरुको क्षेत्रमा देखा परेका समस्या र समस्या आउने कारणहरुलाई हटाउन उपयुक्त

कार्यक्रम अपर्याप्तले बालबालिकाको संरक्षण हुन नसक्ने स्थिति छ। बालबालिकाहरुले भोगेका समस्याहरुको समाधान गरी उनीहरुको समयमा संरक्षणका लागि रचनात्मक सुधारका कार्य संचालनमा ल्याउन आवश्यक छ ।बाल संरक्षण तथा संबर्द्धन समितिहरुको संस्थागत परिचालन पछि औपचारिक रुपमा बालबालिकाको हित र संरक्षणको कार्यले बालबालिकाहरुको हित पुर्णरुपमा भईसकेको अवस्था छैन । बालबालिकाहरुले पाउने अधिकार र अधिकार पालनाका लागि अभिभावक, समुदाय र स्थानीय तहले निर्वाह गर्नु पर्ने कर्तव्य सम्वन्धि जानकारी दिन थालिएकोछ । नगरपालिका भित्रको शिक्षा शाखाको पहलमा विद्यालय बाहिर रहेका बालबालिकालाई अनौपचारिक शिक्षाको माध्यमबाट औपचारिक शिक्षाको मूल प्रवाहमा ल्याउन र पढाइलाई निरन्तरता दिन उनीहरुका अभिभावकहरुलाई आर्थिक सहयोग सीपमूलक तालिमहरु प्रदान गर्दै आएकोछ जसलाई निरन्तरता सार्थ वृद्धि गर्न आवश्यक रहेकोछ।

गरीव विपन्न घरपरिवारको पहिचान गरी उनीहरुलाई जीविकोपार्जान कार्यक्रममा संलग्नता गराउन थालिएकोछ । राजनीतिक दलका प्रतिनिधिहरुसँग बाल संरक्षणका विषयमा छलफल, अन्तरक्रिया गरी बालसंरक्षणलाई उच्च प्राथमिकता दिई सोको सुनिश्चितताका लागि जिम्मेबारी र भूमिका किटान गर्ने र व्यवहारमा उतार्ने प्रयासहरु तथा सोचको विकास हुदै गएकोछ । बाल संरक्षण र बालअधिकारको प्रतियाभूतीका लागि आवश्यक कार्य संचालनमा ल्यायी संविधान र बालहित सम्वन्धि ऐनको परिपालना गर्नु पर्दछ भन्ने सोचको विकास हुन थालेकोछ । भद्रपुर नगरपालिकामा औपचारिक र अनौपचारिक रुपमा स्थानीय तहले बालबालिकाको हितमा संचालन गरेका गतिविधिहरु :

- ☺ नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रममा सामाजिक सुरक्षा ,दिगो विकास,विपत व्यवस्थापन,खाद्य सुरक्षा र पोषण , लैगिंक सशत्तिकरण , समावेशी विकास र बालमेत्री स्थानीय शासन जस्ता विकासका अन्तरसम्बन्धित विषयलाई कार्यान्वयनमा ल्याउने नीतिगत निर्णय
- ☺ सूचना र शिक्षाबाट नागरिकको व्यवहार परिवर्तन
- ☺ बाल अधिकार प्रवर्द्धनका लागि घरदैलो कार्यक्रम
- ☺ बाल क्लव मार्फत अभियान विद्यालय देखि घरघर सम्म पु-याउनु
- ☺ बालमैत्री स्थानीय शासनका सेवा प्रवाह र संस्थागत सूचकहरुको
- ☺ किशोर किशोरी शिक्षाा
- ☺ बालसंरक्षणका लागि प्रचार प्रसार तथा जागृतिमूलक अभियान संचालन
- ☺ पोषण सम्वन्धि सचेतना र सहयोग
- ☺ बाल क्लव गठन र क्षमता विकास
- ☺ विद्यार्थी भर्नाका लागि दलित घरपरिवारमा घरदैलो कार्यक्रम
- ☺ विपन्न घरपरिवारलाई सहयोग र चर्पी निर्माणका लागि सामग्री सहयोग
- ☺ खेलकुद सामग्री र पोशाक वितरण
- ☺ उद्धारकोष स्थापना
- ☺ आमा सुरक्षा कार्यक्रम
- ☺ महिला स्वास्थ्य स्वयसेविकाद्धारा स्वास्थ्य सेवा सम्वन्धी सचेतना

- ☺ छात्रवृत्ति वितरण
- ☺ व्यक्तिगत सहयोगमा बालबालिकाको पठनपाठन
- ☺ खोप र स्वास्थ्य सेवा
- ☺ विद्यालयको भौतिक निर्माण र भएका संरचनाहरु बालबालिकाको उमेर र क्षमता अनुकुल वनाउनु
- ☺ विद्यालय भर्ना अभियान .
- ☺ बालमैत्री स्थानीय शासन सम्वन्धि अभियान संचालन
- ☺ बालबालिकाको वस्तुगत विवरण तयारी
- ☺ बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति गठन र परिचालन
- ☺ बालमैत्री खानेपानी धारा निर्माण
- ☺ अभिभावक शिक्षा कार्यक्रम

(बालबालिकाको लागि संचालन गरिएका कार्यक्रमहरुको विवरण उल्लेख गर्ने )

**४.बालबालिकाको क्षेत्रमा रहेका प्रमुख समस्या र सवालहरु**

बालबालिकाहरुले पाउनु पर्ने बचाउट,संरक्षण,विकास र सहभागिताको अधिकार समान रुपले पाउन सकेमा मात्र उनीहरुको चौतर्फी विकास हुन्छ । भद्रपुर नगरपलिकाका बालबालिकाहरुले भोगेका समस्याहरु तथा भौगोलिक,पारिवारिक अवस्था र सामाजिक परिवेश अनुसार फरकफरक रहेका छन । बालबालिकाहरुको विकासका लागि बालबालिकाहरुलाई समयमा खाना,सरसफाई,स्वास्थ्य सेवा,बालश्रम शोषण ,हिंशा ,कुटपिट ,बाल विवाह दुर्व्यबहारवाट संरक्षण उमेर अनुसारको शिक्षा र खेल केन्द्रहरु पाउन अत्यावश्यक हुन्छन । बालबालिका तथा मानव जातिले सर्वप्रथम सुरक्षाको अनुभूति गरे पछि मात्र अन्य पक्षको आवश्यकता र चाहानाको महसुश गर्दछ । नगरपालिकाका बालबालिकाहरुको बाँच्नका लागि आवश्यक पर्ने कुराहरुको व्यवस्था, सुरक्षित र बालमैत्री वातावरणको सृजना गरी सभ्य र दक्ष नागरिक वनाउने दायित्व राज्यको हो । बालबालिकाहरु माथि हुने सवै प्रकारका जोखिम हिंशा, दुर्व्यवहार र कसुरजन्य कार्यहरुवाट जोगाउनु पर्दछ । जोखिम र दुर्व्यवहारवाट संरक्षण गर्न संविधान, ऐन नियम साथै विभिन्न सन्धीहरु र प्रतिबद्धता गरेको अवस्था छ। संविधान,ऐन नियम र शन्धीको कार्यान्वयन गर्न भद्रपुर नगरपलिकाकामा रहेका बाल संरक्षणका सवालहरु निम्नानुसार रहेको पहिचान गरिएकोछ । बालबालिकाहरुले भोगेका मुख्य समस्या तथा सवालहरु नगरपालिकाको आयोजना र युनिसेफ नेपालको सहयोगमा स्थानीय तह भित्र रहेका वडा समिति,राजनीतिदल, स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयंसेविका, विद्यालय व्यवस्थापन समिति,शिक्षक,विद्यार्थी र बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाहरुसंग गरिएको छलफल तथा अवलोकनवाट पहिचान गरिएका बालबालिकाको क्षेत्रमा रहेका समस्या र सवालहरु ।

- गर्भवति महिलाहरुलाई पारिवारिक सहयोग नभई कार्यबोझ हुनु
- महिलाहरुको गर्भावस्थामा जाँच,आराम र पोषिलो खानामा कमी हुनु
- सुत्केरीपछि आमा र नवशिशुको एक हप्तामा तीनपटक जाँच नगराउनु
- बालबालिकाहरुको खोप र स्वास्थ्यमा कम ध्यान दिनु
- गर्भावस्थामा आवश्यक पर्ने आईरन नियमित प्रयोग नगर्नु
- मासिक श्रावको समयमा आराम र प्याडको व्यवस्था नहुनु
- हात्ति आतक रेविज रोगको संक्रमण वृद्धि हुनु बालबालिकालाई दण्ड सजाय गर्नु

- बालबालिकाहरुलाई सडकमा जथाभावि छोड्नु
- बाल विवाह हुनु
- समयमा बालबालिकाहरुको जन्मदर्ता नहुनु
- धुमपान,मद्यपानमा बालबालिकाहरुको प्रयोग गर्नु
- बालबालिकाहरुलाई दुर्व्यवहार गर्नु
- बालबालिकाहरुलाई अवहेलना गर्नु
- होटल व्यवसाय र यातायातका साधनहरुमा बालबालिकाहरुको प्रयोग गर्नु
- सामान लोड अनलोडमा बालबालिकाहरुलाई प्रयोग गर्नु
- छोरी छोरामा लैंगिक भेदभाव हुनु
- बालबालिका  माथि यातना र हिंशा हुनु
- बालबालिकाको छेउमा अभिभावकहरुले झगडा गर्नु र नराम्रो शब्द वोल्नु
- बालबालिकाहरुलाई बाल श्रमिकको रुपमा प्रयोग गर्नु
- श्रमशोषण गर्नु
- बालबालिकालाई गालीग्लोज गर्नु
- बालबालिकालाई उपेक्षा गर्नु
- बालबालिकाहरुलाई सर्कसमा प्रयोग गर्नु
- बालबालिकालाई घरेलु हिंशा हुनु
- बालबालिकाहरुले समयमा खाना खान नपाउनु
- सवै बालबालिकाहरुले मौसम अनुसारको अत्यावश्यक कपडा नपाउनु
- व्यक्तिगत,घरायसी र वातावरण फोहोर हुनु
- सावुन पानीले हात नधुनु
- भिन्न क्षमताका  बालबालिकाहरुको लागि शिक्षा लिने वातावरण अनुकुल हुन नसक्नु
- परंपरागत मूल्यमान्यता कायम रहनु
- शिशुले छ महिना सम्म आमाको मात्र दुध खान नपाउनु
- वालविकास केन्द्रमा सवै बालबालिकाहरु नजानु
- भौतिक संरचनाहरु बालमैत्री हुन नसक्नु
- विद्यालयमा विद्यार्थी नियमितता नहुनु
- विद्यालयमा शौचालय,खानेपानी र सावुन नहुनु
- उमेर अनुसारको डेस्क वेञ्च नहुनु
- शिक्षकसंग विद्यार्थीहरु डराउनु
- विद्यार्थीहरुका लागि खेल सामग्रीहरु पर्याप्त नहुनु
- विद्यालयमा शैक्षिक सामग्रीहरु कम हुनु
- विचैमा बालबालिकाहरुले विद्यालय छोडनु

- आधारभूत तह पार गर्ने संख्या कम हुनु
- पुस्तकालयको उचित प्रवन्ध नहुनु
- खेल तथा मनोरञ्जन केन्द्रहरु नहुनु
- बालबालिकाहरुलाई राजनीतिक हडताल,चक्काजाम र जुलसमा प्रयोग गर्नु
- बालबालिकाहरुलाई अमानवीय यातना दिनु
- लिंग पहिचान गरेर भ्रुण हत्या गर्नु
- भिन्न क्षमता भएका बालबालिकाहरुका सेवा र अवसर नपाउनु
- बालबालिकाहरुलाई दवाव दिनु
- आत्मसंमानमा ठेस पु-याउनु
- स्थानीय तहका संरचनाहरुमा बालबालिकाहरुको संस्थागत सहभागितामा कमी
- निर्णय प्रक्रियामा बालबालिकाहरुको अर्थपूर्ण सहभागितामा कमी
- पूर्वाधारहरु बालमैत्री नहुनु

भद्रपुर नगरपालिकाले बालबालिकाहरुका लागि बनाईएका योजनाहरु बालबालिकाको सहभागिता र वास्तविक सवालको विना पहिचान नै वयस्कहरुको स्वविभेकमा कार्यक्रम संचालन गर्नाले समस्या र सवालको कमै सम्वोधन हुनाले बालबालिकाहरु जोखिममा परेको देखिन्छ। बालबालिकाहरुको हित र संरक्षणका लागि योजना, कार्यक्रमहरु बनाउने र लगानी गर्ने कार्य कम प्राथमिकतामा पर्ने गरेकोछ। बालबालिकाहरुको चौतर्फी विकास हुन नसक्नुमा अभिभावक र स्वयं स्थानीय तहले बालबालिकाहरुलाई केन्द्रित गरी कार्यक्रम कार्यान्वयनका लागि समय सीमा भित्रै कार्यक्रम सम्पन्न गर्नका लागि पहल नहुनु नै प्रमुख चुनौतिका रुपमा रहेकोछ ।

स्थानीय स्तरमा रहेका सेवा प्रवाह गर्ने निकायहरुको सेवा गुणस्तरीय र मैत्रीपूर्ण नहुनु र सवै वर्गका बालबालिकाहरुको सेवामा पहुँच नपुग्नु विद्यमान अवस्थामा यथावत रहेकोछ । सरकारी निकाय, विकासका साझेदार, गैसस, नागरिक समाज र अभिभावकहरु लगायत मुख्य सरोकारवाला सबैलाई बराबर दायित्व वहन गराउन सकिएको छैन । बालबालिकाहरुको हितका लागि संचालनमा ल्याईएका कानून र ऐन नियमहरुको पालनाका लागि स्थानीय परिवेश अनुसार नीति,रणनति,प्रतिबद्धता र अभियानहरु संचालनमा ल्यायी सवै सरोकारवालाहरुलाई अपन्वत्व गराई प्रभावकारी कार्यान्वयनको कमी छ । वर्तमान अवस्थामा बालबालिकाको अधिकार प्रवर्द्धन र उनीहरुको जीवन यापनका लागि अत्यावश्यक कुराको परिपूर्तिका लागि क्रियाशील स्थानीय स्तरका संयन्त्रहरुको क्षमता अभिवृद्धि गरी प्रभावकारी रुपमा परिचालनमा कमी रहेकोछ। बालबालिकाहरु आमाको गर्भावस्थावाट असुरिक्षत हुने र जन्मे पछि पनि अनेक समस्याहरु भोग्नु पर्ने परिस्थितिका कारण जोखिमा परिरहेकाछन । घरपरिवार,समुदाय र सेवा प्रवाह लगायत संरचनावाट गरिने व्यवहारवाट प्रभावित हुने बालबालिकाहरुलाई उद्धार र संरक्षण गरी उनीहरुको चौतर्फी विकासमा योग्दान पु-याउन बालसंरक्षण नीति तयार गरी कार्यान्वयन गर्न सके मात्र बालबालिकाहरुले भोगेका समस्या र सवाललाई सम्बोधन गरी उनीहरुको संरक्षण गर्दै जोखिममा कमी ल्याउन अपरिहार्य रहेकोछ।

**५.बाल संरक्षण तथा  विकास नीतिको आवश्यकता**

बालबालिकाहरुको क्षेत्रमा स्थानीय तहको रकम विनियोजन र कार्यक्रमहरु संचालन गर्दै आएको भएता पनि बालबालिकाहरुको बचावट,विकास र सहभागिताका पक्षमा केही मूलभूत कार्य गरिएकोछ । बालबालिकाहरुको जीवनयापनका लागि अत्यावश्यक कुराहरु खाना,खोप,सरसफाई,लत्ताकपडा,हिशा,दुर्व्यवहार,शोषणवाट संरक्षण गर्दै मानसिक, शारीरिक,संवेगात्मक पक्षको विकासको साथै उमेरअनुसारको वृद्धि विकास र शिक्षामा उचित ध्यान पु-याउने कार्य पर्याप्त छैन । बालबालिकाहरुको बचाउँ,संरक्षण , विकास र सहभागिता हुन पाउने  अधिकारलाई एकैसाथ पुरा गर्दै जान आवश्यकछ । बालबालिकाहरुलाई सवै भन्दा हेला,दुर्व्यवहार,हिंशा,शोषण,उपेक्षावाट पहिला संरक्षण दिएन भने उनीहरुको वृद्धि विकास र परिपक्तामा समेत असर पर्न जान्छ ।

विद्यालयमा नेपालको राष्ट्रिय एकता, सार्वभौमिकता, जातीय, क्षेत्रीय, भाषिक, लैगिक , सामाजिक तथा धार्मिक सहिष्णुतामा खलल पार्ने कुनै पनि क्रियाकलाप हुन नदिने। विद्यालय तथा छात्रावासमा स्वस्थकर, सत्य, निष्ठा र नैतिक चरित्र निर्माण, उद्यमशिलता प्रवर्द्धन, समाजिक सद्भाव प्रवद्धर्न तथा सामाजिक विकृति (वालविवाह, नीरक्षरता, दहेज, बोक्सावोक्सी, छुवाछुत, जातिगत उचनीचता, छोरी माथिको विभेद आदि) उन्मुलनको वातावरण कायम गर्न स्थानीय पाठ्यक्रम तयार गरी स्वीकृतिको लागि प्रस्तुत गर्ने र कार्यान्वयनको आवश्यक व्यवस्था मिलाउने।  आवासीय विद्यालयमा शिक्षा समितिले निर्धारण गरे बमोजिम विद्यार्थीको लागि खाना तथा पौष्टिक आहारको गुणस्तर कायम गर्नु पर्ने शिक्षा ऐनको मर्मलाई कार्यान्वयनमा ल्याउन पनि बालसंरक्षण नीतिको सान्दर्भिक रहेकोछ ।

बालबालिकाहरुको उमेर अनुसार उनीहरुसंग सरोकार राख्ने विषयमा सहभागिता साथै विचार व्यक्त गर्न पाउनु पर्दछ । बालबालिकाहरुले राखेका विचारहरुको सुनुवाई पनि गर्नु अत्यावश्यक हुन्छ । बाल बचाउँ,संरक्षण,विकास र अर्थपूर्ण सहभागिताको अधिकार सुनिश्चितताका लागि बालबालिकाको विचार र प्रतिभाको प्रस्फुटन हुने वातावरणले बालबालिकाहरु जिम्मेवारी वनाउन टेवा पुग्दछ । नेपालको संविधानमा बालबालिकाको लागि मौलिक हकको व्यवस्था,बाल अधिकार महाशन्धी, दिगो विकास लक्ष्य,बालबालिका सम्बन्धी ऐन २०७५ ले व्यवस्था गरेका अधिकारहरु बालबालिकाहले पाउनु पर्छ । संविधान,ऐन र दिगोविकासको लक्ष्य पुरा गराउने दायित्व स्थानीय तहको नै रहन्छ । नगरपालिकाको सेवा प्रवाहलाई गुणस्तरीयता वनाई  व्यवहारिक कार्यान्वयनमा ल्याउन पनि आवश्यक नीति नियम र आचार संहिता निर्माण गरि सवैलाई परीपालना गराउन आवश्यक हुन्छ ।

भद्रपुर नगरपालिकामा रहेका संघसंस्थाहरु मार्फत बालबालिकाको आधारभूत आवश्यकताहरको परिपूर्ति तथा संरक्षण लागि पैरवीका प्रयासहरु भई रकेकाछन । बालबालिकाहरुको पोषण,स्वाथ्य,खोप,सरसफाई र शिक्षामा पहुँच अभिवृद्धि गर्न पूर्णखोप,खुल्ला दिसामुक्त र राष्ट्रिय प्राथमिकताका कार्यक्रमहरु पुरा गर्न समेत समयमा बालबालिका प्रति जिम्मेवारी भै लगानी गर्ने वातावरण सृजनाको सुरुवात गर्न जरुरी रहेकोछ । नगरपालिकमा बालविवाह,कमउमेरको विवाह ,कुटपिट,दवाव,शारीरिकहिंशा,उपेक्षा,कुलतमा संलग्नता,श्रमशोषण  र समयमा जन्म जन्मदर्तावाट वञ्चित रहीरहेको  विद्यमान अवस्थावट बालबालिकाहरुको संरक्षण  साथै उद्धार गर्न जरुरी छ । अर्को तिर स्थानीय तहले बालबालिकाहरुका कुण्ठित भएका अधिकार सुनिश्चितता गर्ने समेत बाल संरक्षणका लागि नीति तयार गर्नु पर्दछ ।

बालबालिकाहरुले आमाको गर्भावस्था देखि नै सुरक्षित भई जन्मन पाउनु पर्छ । जसका लागि गर्भवति महिलाहरुको नियमित गर्भ जाँच,टिडि खोप, आईरन चक्की खाने र गर्भावस्थामा उचित सरसफाई,पोषिलो खाना र आराम पाउन सक्ने वातावरण तयार गर्न,गर्भवतिहरुले स्वास्थ्य संस्थामा सुत्केरी गराउने र एक हप्ता भित्र आमा नवशिशुको तीन पटकजाँच गर्ने,बालबालिकालाई तोकिएको समयमा खोप लगाउने ,व्यक्तिगत,घरायसी,वातावरणको सरसफाई र पोशाक मायाँ ममता जस्ता आधारभूत कुराहरुमा सवै बालबालिकाहरुको पहुँच छैन । पहिचान र नामाकरणको जन्मदर्ता,वीसपछि मात्र विवाह गर्नु पर्ने,बालबालिकारुलाई शारीरिक,मानसिक,संवेगात्मक,वौद्धिक पक्षमा असर पु–याउने कार्यहरु हिंशा,दुर्व्यवहार,उपेक्षा,शोषण कसुर जन्य कार्यहरु गर्न पाइदैन । त्यस्ता कार्यहरुवाट बालबालिकाहरुलाई संरक्षण गर्नु पर्ने कानूनी व्यवस्थाको कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी पुरा गर्न पनि बाल संरक्षण नीतिको निर्माण गर्नु पहिलो आवश्यकता रहेकोछ ।

बालबालिकाहरु प्रतिको अभिभावकत्वको भूमिका पुरा गर्न, उनीहरुको सर्वोतम हित साथै दीर्घ जीवन सुनिश्चितता गर्न समेत बालबालिका प्रति सवै नागरिकहरुलाई जिम्मेवारी वनाउन र बालबालिकाको हित लागि समेत सामाजिक मुल्य मान्यता स्थापित गर्न बाल संक्षरण नीतिको खाँचो पर्दछ । बालबालिकाहरुलाई राम्रो वनाउने नाममा कुनै किसिमको दण्ड सजाय र त्रास गर्न पाइदैन भनिए पनि अभिभावक,वयस्क र विद्यालय बाट बालबालिकाहरु दण्ड सजायका सिकार भईरहेका छन । बालबालिकाहरुको उमेरसंगै उनीहरुको वृद्धि विकासका लागि खेल मनोरञ्जन केन्द्रहरु,बाल विकास केन्द्रमा भर्ना,कम्तीमा आधारभूत तह सम्मको शिक्षा पाउने कुरालई अनिवार्यता गरिएकोछ । संविधानको मौलिक हकमा राखिएको छ जुन सवै बालबालिकाहरुले पाउन सकेका छैन । बालबालिकाहरुका आधारभूत अधिकार प्राप्तीको लागि स्थानीय तहले पुरा गरिदिनु पर्ने दायित्व बनेकोछ ।

बालबालिकाहरुको अवस्थामा सुधार गरी बाल अधिकारको संवोधनका लागि नगरपालिकाले अभिभावक, समुदाय,विद्यालय,शिक्षक, सामाजिक संघसंस्था,बालक्लव,आमा समुह,उद्योगी व्यापारी,राष्ट्रसेवक कर्मचारी,सेवा प्रवाह गर्ने निकाय र स्थानीय सरकार समेतले बालबालिका प्रति अभिभावकत्व पुरा गर्न गराउन अत्यावश्यकता रहेकोछ । बालबालिकाहरुको जन्मदर्ता गराउन र बालसंरक्षणका सवाल संबोधन गर्न केही प्रयास भएता पनि बाल संरक्षणका विषयमा छलफल, अन्तरक्रिया गरी बालबालिकाहरुको संरक्षणलाई उच्च प्राथमिकता दिई सोको सुनिश्चितताका लागि जिम्मेबारी र भूमिकाको किटान गर्ने र व्यवहारमा उतार्न जरुरी छ । किनकी दिनानु दिन बालबालिकाहरु अनेकान नाममा जोखिम र दुर्व्यवहारको मारमा पर्नेको संख्या वढदै गएको अवस्था छ ।

बालबालिकाको संरक्षण, सामाजिक सुरक्षा र यौन शोषण, दुर्व्यवहार,विकास र सहभागिता सम्बन्धी विद्यमान कानूनको कमजोर कार्यान्वयन र बालन्याय प्रशासन प्रभावहीन रहेको अवस्थामा स्थानीय स्तरमा रहेका सामाजिक संघसंस्था र सामाजिक अगुवाहरू एवम् समग्र रुपमा स्थानीय स्तरमा स्थानीय तहमा रहेका संयन्त्रहरुको बालहित र संरक्षण कार्यका लागि परिचालन गरी बाल अधिकारको प्रवर्द्धन गरी संविधानले दिएका मौलिक हकको कार्यान्वयनमा ल्याउन पनि जोखिममा परेका बालबालिकाहरुलाई समयमा पुन:स्थापना गर्न बाल संरक्षण नीतिको अहम भूमिका रहन्छ ।
बाल संरक्षणका लागि पालना गर्नु पर्ने मुल्यमान्यता,नीति र रणनीतिको कार्यान्वयनका लागि थप सशक्त र प्रभावकारी बनाउनु आवश्यक छ । सामाजिक रुपमा जनचेतनाको विकास र बालबालिकाहरु माथि अपराध

गर्नेहरूलाई सामाजिक बहिष्कार र कानूनी कारवाहीको प्रत्याभूति नभए सम्म बालबालिकाले सुरक्षित हुन सक्दैन भन्ने महसुस गराउन पर्ने छ ।

बाल संरक्षण नीति बिना नै बालबालिकाहरुको क्षेत्रमा सञ्चालन गरेका गतिविधिहरुले निश्चित दिशा लिन सक्दैन। त्यसैले बालबालिकाको क्षेत्रमा हाल सम्म गरिएका र गर्नुपर्ने कार्यक्रमहरुलाई निश्चित आकार र दिशा दिन सरोकारवालाहरुलाई बाल संरक्षण अभियानमा प्रभावकारी र दीगोरुपमा सहभागिता जुटाउन, बालबालिकाहरुले भोगी रहेका र हुन सक्ने हिंशा,शोषण,दुर्व्यवहार,उपेक्षा,र अवहेलना जस्ता समस्थाहरु तथा सवालहरुवाट रोकथामका लागि छिटो र प्रभावकारी रुपमा सम्बोधन गर्नका लागि बालसंरक्षण नीति तयार गरी भद्रपुर नगरपालिकामा लागू गरिएको हो ।

## ६.बालसंरक्षण तथा विकास नीतिको सिद्धान्त

**समानता** : प्रत्येक बालबालिकाहरुलाई उसको धर्म,वर्ण,जात,जाति,लिङ्ग,उमेरसमूह,भाषा, सामर्थ्य,शारीरिक,पारिवारिक हैसियत,आर्थिक ,सामाजिक, भौगोलिक क्षेत्र आदिका आधारमा कुनै प्रकारको भेदभाव गरिने छैन । नेपालको कुनै पनि स्थानमा वसोवास गर्ने जुनसुकै जात जातिका बालबालिकाहरुको जिवन यापनमा समानताको सिद्धान्तको परिपालना गरिनेछ ।

**वालवालिकाको सर्वोत्तम हित** : भद्रपुर नगरपालिकामा रहेका ३०.५९ प्रतिशत बालबालिकाहरुको हितलाई ध्यानमा राखी योजना संचालनमा ल्याउनु पर्दछ । शासन संचालन,सेवा प्रवाह र विकास प्रक्रियामा बालबालिकाको अधिकार सुनिश्चितता गर्दै बाल हितलाई वढुवा दिनु पर्छ ।

**बालबालिकाको सर्वाङ्गीण विकास :** प्रत्येक बालबालिकालाई सवल र उपयुक्त वातावरणमा हुर्कन र वढन उच्चतम स्तरको जीवनयापन गर्न पाउने अधिकार हुनु पर्दछ । बालबालिकाहरुले बाँच्न पाउने कुराको सुनिश्चितता गरेर मात्र पुग्दैन। बालबालिकाहरुको चौतर्फी विकास हुन आवश्यक हुन जान्छ । बालबालिकाको जन्म,नाम,पालन पोषण,अभिव्यक्ति स्वतन्त्रता,राष्ट्रियता, शिक्षा, स्वास्थ्य ,आराम,मनोरञ्जन र संरक्षण हुन आवश्यक पर्दछ । यीनै कुराहरुको परिपूर्ती र पालना गराउन बालबालिकाको लागि बालसंरक्षण तथा विकास नीति तयार गरी सोको पालनाले बालबालिकाहरुको सर्वाङ्गीण विकासको अधिकार सुनिश्चितता हुन जान्छ ।

**संरक्षणः** बाल विवाह,वेचविखन तथा ओसारपसार,सवै प्रकारका दुर्व्यहार,हिंशा,शोषण,उपेक्षा,अवहेलना,जोखिम र कसुरजन्य कार्यहरुवाट प्रत्येक बालबालिका सुरक्षित हुनु पर्दछ । बालबालिका माथि हुने वा हुनसक्ने सबै खालका नियोजित तथा अनियोजित जोखिम वा हानिबाट जोगाउनु परिवार र स्थानीय तहको दायित्व रहन्छ ।

**बालबालिकाको विचारको सम्मान र सहभागिता :** बालबालिकाको आवजको सुनुवाई गर्दै बालबालिकासंग सरोकारका विषयमा उमेर र परिपक्कतामा आधारमा उनीहरुको कुरा सुन्ने र विचार अभिव्यक्त गर्ने अवसर दिनु पर्दछ ।बालबालिकाको सशक्तिकरण बालबालिका माथि हुने सवै प्रकारका दुर्व्यवहार, हिंशा,शोषण,कुटपिट,उपेक्षा र कसूरजन्य कार्य विरुद्ध आवज उठाउन सार्थक हुनेछ । मानव अधिकार र बाल अधिकारको आधारभूत सर्तको रुपमा रहेको विचार अभिव्यक्ति र सुनुवाई लाई घरपरिवार,समाज देखि नगरतहमा संस्थागत गरिनु पर्छ ।

**सन्निकटताः** भद्रपुर नगरपालिकामा संचालन हुने विकास निर्माण कार्य देखि संचालन गरिने सेवाप्रवाहमा बालबालिकाको हित र संरक्षण गर्न उनीहरुसगै रहेर कार्य संचालन गर्नु पर्दछ । बालबालिकाहरुसंगको सामिप्यता वृद्धि गर्दै अभिभावक, नागरिक समाज, गैरसरकारी र सरकारी निकायमा बालबालिकाको आत्मियता वृद्धिका साथ सेवा संचालन गरिनु पर्दछ ।

**समावेशीकरणः** भिन्न क्षमता, आर्थिक विपन्नतामा परी सेवा लिन र अधिकार उपभोग गर्नवाट पछाडि परेका साथै पछाडि पारिएका बालबालिकाहरुलाई समावेशीकरणको सिद्धान्तको आधाारमा नगरपालिकाका प्रत्येक गतिविधिहरु र अवसरमा सहभागिता गराईनेछ। स्थानीय सरकार संचालन ऐनले परिलक्षित गरेको स्थानीय शासन र विकास गतिविधिहरुमा पूर्ण प्रद्धिताका साथ कार्यान्वयन गर्दै समावेशीकरणको मर्मलाई अंगिकार गर्नु पर्दछ ।

**समुदायमा आधारित विकासः** बालबालिकाहरुको चौतर्फी विकास कार्य संचालन र निरन्तरताका लागि अभिभावक, बालक्लव,स्थानीय सरोकारवाला र स्थानीय तहको अगुवाईमा आवश्यक नीति तयार गरी बालबालिका सम्वन्धि लगानी योजना संचालनमा ल्याईनेछ। बालबालिकाहरुको बचावट, संरक्षण, विकास , अर्थपूर्ण सहभागिताका लागि स्थानीयस्तरमा आवश्यक आचार संहिता र नीति नियमको निर्माण गरि कार्यान्वयनमा ल्याउन पर्छ।

**राज्यको दायित्वः** नेपालको संविधान २०७२ बालबालिकाको लागि व्यवस्था गरेको मौलिक हकको कार्यान्वयन गर्नु पर्ने । स्थानीय सरकार संचालन ऐन २०७४ मा भएका व्यवस्थाको कार्यान्वयन गर्ने । बालबालिका सम्वन्धी ऐन २०७५,राष्ट्रिय र अन्तराष्ट्रिय प्रतिवद्धता, भद्रपुर नगरपालिकाले तयार गरि लागु गरेका ऐनहरु साथै प्राथमिकताको अवलम्वन पछि राष्ट्रिय लक्ष्य पुरा गर्न सहयोग पु-याउने दायित्ववोध गर्ने । बाल अधिकारको संमान,संरक्षण ,प्रबर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोतम् हित कायम गर्न बालबालिको विकासको लागि बालबालिका माथि हुन सक्ने दुर्घटाको रोकथाम,जोखिमको न्यूनिकरण लागि प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अवलम्वनवाट बालबालिकाहरुको आधारभूत आवश्यकता परिपूर्ति गर्नु पर्छ।

### ७. बालसंरक्षण तथा विकास नीतिको सोच :

बालबालिकाहरुका आधारभूत सेवाहरुको सुनिश्चिचता गरी शारीरिक,मानसिक,वौद्धिक,सवेगात्मक, सामाजिक पक्षको विकास, संरक्षण गरी दक्ष नागरिक तयार गर्दै बालमैत्री शासन प्रक्रियाकालाई संस्थागत गर्ने ।

### ८ बालसंरक्षण नीतिको लक्ष्यः

बालअधिकारको प्रवर्द्धन र सुनिश्चितता गर्न बालबालिका विरूद्ध हुने सबै प्रकारका शारीरिक तथा मानसिक हिंसा,शोषण,उपेक्षा , दुर्व्यवहार ,जोखिमवाट संरक्षण गरिनेछ।

### ९ बालसंरक्षण तथा विकास नीतिको उद्देश्य

- ☺ बाललबालिकाहरुमा हुन सक्ने सवै भेदभाव, शोषण, हिंसा, उपेक्षा र दुर्व्यवहारको अन्त्य गर्नु ।
- ☺ बालबालिकाहरुको चौतर्फी विकासका लागि बाल अधिकारको संरक्षण र प्रवर्द्धन गर्न सहयोग गर्ने ।
- ☺ बालबालिकाहरु माथि हुने सवै प्रकारका कसुरजन्य कार्यमा कमी ल्याउन सामाजिक उत्तरदायित्व सृजना गर्ने ।
- ☺ बालसंरक्षणका क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कार्यरत सरोकारवालाहरुलाई बालसंरक्षणको क्षेत्रमा कार्य गर्नका लागि संस्थागत सुदृढीकरणमा सहयोग गर्ने ।
- ☺ संरक्षणका सवालहरुको पहिचान, रोकथाम र सम्बोधनका लागि नीतिगत मार्गनिर्देशन तय गर्ने ।

### १०.बाल संरक्षण नीति

- ☺ बालबालिकाहरु माथि गरिने हिंशा,दण्ड सजाय,कुटपिट ,उपेक्षा,शोषण र दुर्व्यहार गर्दा हुने दण्ड सजाय, जरिमाना सम्बन्धी कानूनी व्यवस्थाको प्रचार प्रसार गरिनेछ।

☺ बालबालिकाको हित सम्वन्धि ऐन , नियम र नीतिको सूचना तल्लो तहसम्म पु–यायी नीतिको पालनालाई अनिवार्यता गरिनेछ ।

☺ बालबालिकाहरुको वचाउँ,संरक्षण,विकास र अर्थपूर्ण सहभागिताको अधिकार सुनिश्चित गर्न सरोकारवालाहरुको आचार संहिता वनाई पूर्ण पालना गरी व्यवहार परिवर्तन गर्दै लगिनेछ ।

☺ आधारभूत स्वास्थ्य सेवा,सरसफाई र पोषण सम्वन्धि अभिभावक,बालबालिका,नागरिक समाज र सरोकार निकायहरुलाई सुसुचित गरिनेछ ।

☺ खोप सेवाको गुणस्तर र मापदण्ड अनुसारको सेवा दिन खोप भण्डार र व्यवस्थापन केन्द्र स्थापना गर्ने ।

☺ प्रसुति केन्द्रको विस्तार र प्रवर्द्धन गरी गर्भवति साथै २ वर्ष सम्मका बालबालिकालाई विशेष खानपिन,स्याहार,नियमति स्वास्थ्य परिक्षणको व्यवस्था मिलाउने ।

☺ आधारभुत स्वास्थ्य सेवामा नागरिकहरुको पहुँच वृद्धिका लागि वडास्तरसम्म वर्थिङ्ग सेण्टर र स्वास्थ्य सुविधा विस्तार गर्ने ।

☺ नियमित शौचालयको प्रयोग र सावुन पानीले हात धुने वानीको विकास गर्न स्थानीय तहका पदाधिकारी र कर्मचारीवाट सुरुवात गर्ने गराउने ।

☺ वडास्तर सम्म स्वास्थ्य संस्था र नगर क्लिनिकको विस्तार गरी औषधि साथै प्रविधि समेको व्यवस्थापन गरी स्वास्थ्य सेवा सर्वसुलभ वनाइनेछ ।

☺ गर्भवतिको नियमित जाँच, हेरचार पोषिलो खानामा पहुँच वृद्धि गर्न स्वास्थ्य स्वयंसेविका,बालक्लव र संघसंस्था मार्फत घरघरमा सन्देश पु–याउन प्रोत्साहन गरिनेछ ।

☺ नियमित पूर्ण स्तनपान,खोप,थप खाना र सरसफाईमा पहुँच वढाउन प्रबर्द्धनात्मक कार्यक्रमहरु बार्षिक नीतिमा अवलम्वन गरिनेछ ।

☺ सेवा र अवसरवाट वञ्चितीकरणमा परेका समूह र वर्गको अभिलेखिकरण गर्ने साथै वञ्चितीकरणमा पारिएका लागि निश्चित प्रतिशत रकम छुट्याइनेछ ।

☺ आधारभूत सेवामा पहुँच नभएका वर्गको लागि उपचार कोष स्थापना र स्वास्थ्य विमा गर्ने गराउने नीति अवलम्वन गरिनेछ ।

☺ दीर्घ रोगवाट संक्रमित बालबालिकाहरुलाई स्वास्थ्य सेवाका लागि सहयोग र जिवीकोपार्जनका लागि सीपको व्यवस्था गरिनेछ ।

☺ स्थानीय संचार माध्यवाट विभिन्न भाषामा बालबालिकाको अधिकार उल्लघन विरुद्ध कार्यक्रम संचालन गरी नगरवासीहरुको व्यवहार परिवर्तन गर्दै लगिनेछ ।

☺ बालबालिकाको चौतर्फी विकास गर्न स्थानीय तहले आवश्यक कार्यविधि वनाइ एकिकृत रुपमा सरोकारवाला , संघसंस्था र अभियान्तहरु परिचालन गरिनेछ ।

☺ बालबालिकाको समस्या र आवयकता प्रति सचेत रही कार्य गर्न निर्वाचित पदाधिकारी र कर्मचारीको क्षमता विकास गरी प्रतिबद्धता गराइनेछ ।

☺ नेतृत्व वर्गको नैतिक आचरण र जिम्मेवारी वोध गराई उत्तरदायि बहन गर्ने संयन्त्रको विकास गरिनेछ ।

☺ बालबालिकाहरुका अगाडि मद्यपान र धुमपान नखाने र किन्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्ने अभिभावकलाई प्रतिवद्धता गराउने सो को कार्यान्वयन गर्ने ।

☺ छ वर्ष उमेर सम्मका बालबालिकाहरुलाई वयस्कहरु विना बाहिर पठाउन र जाने कार्यलाई रोक लगाइनेछ ।

☺ लैगिंक समानताका लागि टोलटोलमा सचेतना र दवावमूलक समुह निर्माण गरि लैगिंक रुपमा पिडित वनेका वर्गको सशक्तिकरण गरिनेछ ।

☺ बाल श्रम शोषण न्यूनिकरणका लागि सचेतना र कानूनी कारवाही प्रक्रियाको अवलम्वन गरिनेछ ।

- ☺ बालबालिका माथि शोषण हिंशा र दुर्व्यहार गर्ने व्यक्ति, परिवार र व्यवसायीको नाम सार्वजनिक र उजुरी वडास्तरवाट गरिनेछ ।
- ☺ पछाडी पारिएका र विपन्न घरपरिवारका बालबालिकाहरुले पैतिस दिन भित्र जन्मदर्ता गरेमा प्रोत्साहन दिने कार्यलाई निरन्तरता दिईनेछ ।
- ☺ जन्मेको ३५ दिनमा प्रत्येक बालबालिकाको जन्मदर्ता अनिवार्य गर्न समयानुसार रचनात्मक कार्यहरुको संचालनमा ल्यायी टोलटोलमा जन्मदर्ता सम्वन्धि शिक्षा दिईदै लगिनेछ ।
- ☺ बाल विवाह र कम उमेरमा विवाह गरेको विवाहमा जनप्रतिनीधिहरु नजाने अरुलाई नजान अनुरोध गरी बाल सरंक्षणमा निर्वाचित पदाधिकारीलाई स्वयं पहिला नमूना बन्न उत्प्रेरणा गरिनेछ ।
- ☺ नगरपालिका स्तरमा बालबालिका सम्वन्धि काम गर्ने संघ संस्था र सरोकारवालाको सहभागितामा वडा तहमा बाल विवाह गर्ने घरधुरी र वर्गको पहिचान गरी बाल विवाह नगर्ने वडाको घोषणा र सामुहिक प्रतिबद्धता गर्दै लगिनेछ ।
- ☺ बाल विवाह गर्नेहरुको विवाह दर्ता नगर्ने र पाउने सेवा सुविधाका लागि सिफारिशमा रोक लगाईनेछ ।
- ☺ बाल विवाह हुने संभावित क्षेत्रका अभिभावकहरुलाई बाल विवाहको असर र कानुनी कार्यवाही सम्वन्धि व्यवस्था वारे जागृतिमूल अभियानहरु संचालनमा ल्याईनेछ ।
- ☺ यौन शोषण ,बलात्कार र बाल विवाह जस्ता कसुरजन्य कार्यबाट बच्न आमावाट -छोरी,बावुवाट- छोरा ,विद्यालयवाट-विद्यार्थी बालक्लव र सेवाप्रहाही देखि नागरिक सम्म शिक्षा दिने परिपाटीको विकास गरिनेछ ।
- ☺ बाल विवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरुको सहकार्यमा समुदाय स्तरका संघसंस्थालाई परिचालन गरिनेछ ।
- ☺ बालविवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कारवाही प्रक्रियामा लैजानका लागि सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ र बालविवाह रोक्ने कार्यका लागि समुदायमा आधारित संघसंस्थाहरुलाई थप जिम्मेबार बनाउदै लगिनेछ ।
- ☺ बाल विवाह र कम उमेरको विवाहलाई दिगोरुपमा कमी ल्याउन बालबालिकाहरुको शिक्षामा सहायता दिने कार्यक्रम ल्याईनेछ ।
- ☺ बालबालिकाहरु माथि हिंशा,बालश्रम,बाल विवाह गर्ने व्यक्ति घरपरिवार,संघसंस्थालाई दण्ड सजाय गर्न वडावाटै सिफारिश गर्ने परिपाटीको संस्थागत विकास गरिनेछ ।
- ☺ संस्थागत, सार्वजनिक, सामुदायिक विद्यालयहरुमा शिक्षक तथा व्यवस्थापन पक्षबाट बालबालिकालाई शारीरिक तथा मानसिक सजाय नदिई बालमैत्री वातावरण सृजना गर्नका लागि शिक्षा शाखा, प्याबसन, एनप्याबसन , विद्यालयहरुसँग प्रभावकारी समन्वय गरिनेछ ।
- ☺ बालबालिकालाई स्याहार,मायाँ गर्ने र बाल विवाह नगराउने अभिभावकहरुलाई सकरात्मक सोच विकासको गर्ने साथै कसुरजन्य कार्य गर्नेहरुलाई कानूनी कारवाही गर्ने पद्धति विकास गरी लागु गरिनेछ ।
- ☺ बालबालिकाको हित विपरितका कार्य गर्ने व्यक्ति,परिवारलाई सामाजिक रुपमा वहिस्कार , दवाव सृजना र पैरवी गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।
- ☺ विपत र जोखिममा परेका बालबालिकाहरुलाई उद्धार गर्न कोष स्थापना ,सुरक्षितघर वडागत रुपमा निर्माण र व्यवस्थापनलाई प्राथमिकता दिईनेछ ।
- ☺ स्थानीय तहका निर्वाचित प्रतिनीधिहरुवाट स्वास्थ्य संस्था,कृषि,विद्यालय, बजारको अनुगमन र नियमन गर्ने पद्धतिको विकास गरिनेछ ।
- ☺ बालबालिकाको संरक्षण र विकासका लागि ऐन नियमको पालना गर्न गराउन समयानुसार स्थानीय नीति र कार्यविधिको तर्जुमा गरिनेछ ।

☺ छोरी छोरामा समान व्यवहार, समान शिक्षा दिन अभिभावकहरुमा उत्प्रेरणा गर्ने र समान व्यवहार गरी नमुना दम्मतीहरुवाट अनुभव आदान प्रदान गरिदै लगिनेछ ।

☺ जोखिममा परेका बालबालिकाहरुको संरक्षणका लागि तत्कालिन उद्धार र पुर्नस्थापना गर्न स्याहार केन्द्रहरुको स्थापना तथा व्यवस्थापना गर्ने ।

☺ बालश्रमिक,घरेलु कामदार र दुर्व्यबहारमा पारिएका बालबालिकाहरुको पहिचान गरी बालबालिका माथि अहित गर्ने व्यक्ति,अभिभावक,व्यवसायी र संस्थालाई कार्यबाहीको दायरामा ल्याईनेछ ।

☺ विशेष प्रकार र फरक क्षमता भएका बालबालिकाहरुलाई प्राथमिकता दिन सरोकारवालाहरुवीच समन्वय र सहकार्य गरिनेछ ।

☺ राजनैतिक दलसंगको समन्वयमा राजनैतिक प्रयोजनाका लागि बालबालिकालाई प्रयोग नगर्नका लागि अभिप्रेरित साथै प्रतिबद्धता गराईनेछ ।

☺ जोखिम र विपतमा परेका बालबालिकाहरुको संस्थागतरुपमा बालसंरक्षण तथा संबर्द्धन गर्न नगरस्तरीय बाल संरक्षण तथा सम्बर्द्धन समिति (MCPC)र वडा स्तरमा वडा बाल संरक्षण तथा संबर्द्धन समितिलाई बालसंरक्षण सिफारिस प्रणालीको आधार विन्दुको रुपमा विकसित गरी बाल अधिकार समितिको सहकार्यमा थप प्रभावकारी बनाईनेछ ।

☺ घरेलुहिंशा,शोषण,दुर्व्यवहार कम गर्ने र बालमैत्री आचार संहिता तयार गरी लागु गरिनेछ ।

☺ बालबालिका माथि हुने शारीरिक,मानसिक,हिंशा,शोषण र दुर्व्यवहारमा कमी ल्याउनु सवै सरोकारवालाको सल्लाह र सुझाव संकलन गरी आवश्यक नीति वनाई अवलम्वन गरिनेछ ।

☺ वडास्तरीय बाल संरक्षण समिति वार्षिक कार्ययोजना अनुसारका क्रियाकलाप पुरा गर्न क्षमता विकास , समन्वय र सहयोग गर्ने ।

☺ वडास्तरीय बाल संरक्षण समितिवाट बालबालिकाको संरक्षण र विकास गर्न पु-याएका उदाहरणीय कार्यहरुको वार्षिकरुपमा समिक्षा र मूल्याङ्कन गरी बालबालिकाको संरक्षणमा सहयोग पुग्ने उपयुक्त कार्यलाई निरन्तरता दिन बाल संरक्षण समितिलाई उत्तरदायि वनाउदै लगिनेछ ।

☺ बालबालिकाहरुले भोगेका समस्या र सवालहरुको सामुहिक समाधान गर्न बाल क्लव , अभिभावक, वाल संरक्षण समिति,राजनीतिक दल, गैरसरकारी संस्था,आमा समूह, सेवा प्रवाह गर्ने निकाय,सुरक्षा निकाय र निर्वाचि पदाधिकारीहरुले प्रणालीगत रुपमा दवाव, पैरवी, उद्धार र पुनः स्थापनालाई निरन्तरता दिइनेछ ।

☺ अभिभावक शिक्षक र सेवा प्रवाह गर्ने निकायहरुमा बालबालिका अधिकार सुनिश्तिताका लागि नमुना भई कार्य गर्न प्रेरणा गरिनेछ ।

☺ गर्भावस्थाको स्याहर,पोषण र प्रजनन स्वास्थ्य सम्वन्धिका आधारभूत कुराहरु विद्यालयको पाठयक्रममा समावेश गरिनेछ ।

☺ अपाङ्गमैत्री संरचनाको महत्व वारे सचेता गर्ने र अपाङ्गमैत्री संरचना निर्माणका लागि निश्चित प्रतिशत वजेट विनियोजन गरिनेछ ।

☺ बालमैत्री शिक्षण विधिको प्रयोग गरी संमानजनक शिक्षण सिकाइलाई अनिवार्यता गरी दण्डसजाय गर्ने पिडकलाई कानूनी कारवाहीको दायरामा ल्याइनेछ ।

☺ बालबालिकाहरुको सवालका विषयमा सरोकारवालाहरुसंग मासिक वैठक वसी समाधानका लागि समन्वयात्मक अवलम्वनको नीति तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

☺ बाल संजाल गठन तथा परिचालन कार्यविधि तयार गरी लागु गरिनेछ ।

☺ बालबालिकासंग प्रत्यक्ष सम्वन्धि र सरोकार राख्ने गतिविधिमा उनीहरुको अर्थपूर्ण सहभागितामा विचार र भावनाको सुनुवाईवाट सार्थक निर्णय प्रक्रिया गर्ने संस्कार विकास गर्ने ।

☺ बाल क्लव,किशोर किशोरी तथा बाल अधिकार प्रबर्द्धन र संरक्षण कार्य गर्न इच्छुक व्यक्तिहरुको गठन,क्षमता विकास गरी परिचालनमा ल्याईनेछ ।

☺ बाल क्लवको क्षमता विकास र बाल अधिकारको प्रबर्द्धनलाई संस्थागत रुपमा संचालन गरिनेछ ।

☺ बालबालिकाको विचार र भावनाको कदर गर्न स्थानीय तहका सवै संरचनाहरुमा बालबालिकाको संस्थागत सहभागितालाई अनिवार्यता गर्दै लगिनेछ ।

☺ बालबालिकाको क्षेत्रमा कार्यरत गर्ने निकायहरुको मानवीय  जनशक्ति र स्रोत साधनहरुको एकिकृतरुपमा परिचालन गर्ने नीति वनाइनेछ ।

☺ बालबालिकाहरुले भोगेका समस्याहरुलाई संस्थागतरुपमा सुनुवाई गर्न वस्तीस्तको योजना छलफलमा सहभागिता गरिनेछ । वडा र पालिकास्तरमा वार्षिकरुपमा बालभेला संचालन गरी उनीहरुका मागको सम्वोधन गर्ने नीतिको अवलम्वन गरिनेछ ।

☺ बालबालिकाहरुमा जोखिम पु–याउने व्यक्ति, घरपरिवारलाई भद्रपुर नगरपालिका वाट दिइने सेवामा आवश्यकता अनुसार रोक लगाइनेछ ।

☺ घरपरिवार,समुदाय, विद्यालय र सेवाप्रवाह गर्ने स्थानहरुमा बालबालिका प्रति गरिने दण्ड सजाय,कुटपिट र दुर्व्यहार हुन नदिन सवै क्षेत्रको आचार संहिता तयार गरी लागु गरिनेछ ।

☺ लागू औषध र अन्य दुर्व्यसनीमा लागेका बालबालिकाको अध्ययन र सूचना सङ्कलन गरी रोकथामको उपाय गरिनेछ । साथै पुनर्स्थापनाका लागि गै.स.स., निजी क्षेत्रहरुसँग समन्वय गरी उपचारात्मक, मनोविमर्शात्मक तथा अन्य सहयोग कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ ।

☺ होटल व्यवसाय,यातायात,साना तथा मझौला उद्योग कलकारखानामा १४ उमेर भन्दा कम उमेरका बालबालिकालाई संलग्न गर्ने र गराउने लाई कानुनी कार्यबाहीको दायरामा ल्याउने र त्यस्ता उद्योगीलाई दण्ड जरिमाना गर्ने साथै क्षितीपूर्ति भरणपोषण गर्ने नीति निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।

☺ प्रत्येक घरपरिवारमा छोरीछोरामा समान व्यवहार गर्ने प्रतिवद्धता गरिने र भेदभाव गरेमा न्यायिक समितिमा उजुरी गर्ने परिपाटीको विकास गरिनेछ ।

☺ नेपाल सरकारका नीति नियमहरुको पालनाका लागि आवश्यक नीति निर्माण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।

☺ बालबालिकाका घटनाहरुको समयमा अभिलेखिकरण गरी उजुरी गर्ने संयन्त्र र संरक्षणको नीति तयार गरिनेछ ।

☺ स्थानीय तहमा इन्टरनेट, इमेल, मोबाइल जस्ता विद्युतीय सेवाप्रदायकहरुलाई साइबर क्राइम (अपराध)का बारेमा सचेत गराइनेछ र उपयुक्त आचारसंहिता तयार गरी सोको प्रभावकारी कार्यान्वय गरिनेछ । साथै सेवाप्रदायकहरुले प्रचलित कानून र आचारसंहिताको उल्लङ्घन गरिएको पाइएमा कारवाहीको दायरामा ल्याइनेछ ।

☺ घर परिवार, विद्यालय, सार्वजनिक स्थल तथा समुदायमा बालबालिका विरुद्धको हिंसा, दुर्व्यवहार अपहेलना गर्न नपाउने व्यवस्थाको सुनिश्चितका लागि बालबालिकाको संरक्षणका लागि उनीहरुको निकट सम्पर्कमा रहने घर परिवार,समुदायका सदस्य, शिक्षक, स्वास्थ्यकर्मी, सामाजिक कार्यकर्ता,प्रहरी आदिको क्षमता अभिवृद्धि गरिनेछ ।

☺ स्थानीय तह भित्रका स्थानहरुमा आवश्यक कार्यक्रमहरु सञ्चालन गरी बालबालिका उपर हुने सबै प्रकारका शारीरिक र मानसिक दुर्व्यवहार जस्ता अपराधलाई घर परिवार, शिक्षण संस्था र सार्वजनिक सेवा प्रवाह हुने स्थामा हुन नदिने वातावरण सिर्जना गरिनेछ ।

☺ बलबालिकाहरु माथि हुने कसुरजन्य कार्यहरको सूचना दिने संयन्त्र निर्माण गरिनेछ  र संयन्त्रमा आएका घटनाहरुलाई न्यायीक. समितिमा सो विषयलाई प्राथमिकता दिइनेछ ।

☺ बालबालिकाको संस्थागत सहभागिताका लागि नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र स्वास्थ्य व्यवस्थापन समिति लगायतका संचनामा गरिएको व्यवस्था अनुसार उनीहरुको अर्थपूर्ण सहभागितालाई सुनिश्चितता गरिनेछ ।

☺ बाल संरक्षणसंग सम्बन्धीत एक वृहत्तर तथा वहुविषयक आवधिक कार्ययोजना बनाइ लागू गरिनेछ । उक्त योजना तयार गर्दा बालबालिकासँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून, स्थानीय कानूनी प्रावधानको संबोधन गरिनेछ ।

## ११.रणनीतिहरु :

कुनै पनि प्रकारको हेला,दुर्व्यहार,हिंशा,उपेक्षा,शोषण र कसुरजन्य कार्यवाट सम्पुर्ण बालबालिकाहरुको संरक्षण गर्न भद्रपुर नगरपालिकामा बाल संरक्षण नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनका लागि देहायबमोजिमका रणनीतिहरु अबलम्बन गरिनेछ ।

- बालबालिकाहरुलाई समयमा संरक्षण नगर्दा भविस्यमा देखा पर्ने असरहरुको वारेमा जानकारी दिन प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गर्ने ।
- बालबालिका सम्वन्धि वनेका नीति नियमहरुको वारेमा पालिका सवै वडाका सवै घरधुरीमा विस्तृतरुपमा जानकारी गर्ने ।
- वडास्तरमा बाल संरक्षण तथ संबर्द्धन समितिको गठन र क्षमता विकास गरी बाल सरंक्षण र हितका वारेमा कार्य गर्न परिचालन गर्ने ।
- लैंगिक हिंशा तथा निगरानी समूह गठन र क्षमता विकास गरी बालबालिका र महिला संरक्षणका लागि परिचानल गर्ने ।
- टोल र वडास्तरमा अभिभावक भेला राखी विपन्न ,पछाडि पारिएका र जोखिममा परेका वर्गको संख्या पहिचान र विश्लेषण गर्ने ।
- अनुगमन मूल्याङ्कन प्रक्रिया निरन्तर संचालन गर्ने
- धुमपान र मद्यपान सेवनमा कमी गर्न अभियान संचालन गर्ने ।
- बालबालिकाको विकासका लागि बाल विकास केन्द्र खोल्ने ।
- श्रम शोषण कार्यमा परेका बालबालिकाहरुको उद्धार गर्ने संयनत्र निर्माण गरी उद्धार कार्य संचालन गर्ने ।
- श्रम शोषण विरुद्ध प्रचार प्रसार जनचेतना विस्तार गर्ने ।
- जोखिमपूर्ण कार्यमा बालबालिका प्रयोग गरे नगरेको अनुगमन गर्ने ।
- जेखिमपूर्ण कार्यमा बालबालिका प्रयोग गर्नेहरुको नाम सार्वजनिक गर्ने ।
- बालबालिकाहरुको अहित हुने गतिविधि गरेमा स्थानीय तहवाट दिइने सेवामा ढिलाई र सेवा रोक गर्न सकिने सूचना प्रचार प्रसार गर्ने ।
- स्थानीय तहमा सेवा लिन आउदा पहिला बालमैत्रीका कुरा अनि सेवा पुरा गर्न सवैलाई अनिवार्यता गराइनेछ ।
- सहजरुपमा जन्मदर्ताका लागि वस्तीस्तरमा जन्मदर्ता शिविर संचालन गर्ने ।
- बालबालिकाहरुमा उमेर अनुसार शारीरिक रुपमा आउने परिवर्तन संघै सावधानीका लागि छोरीलाई आमा र छोरालाई बाबुले शिक्षा दिने प्रचलनको संस्थागत गर्दै जाने
- रचनात्मक र सकारात्मक परिवर्तका लागि अभियान संचालन गर्ने ।
- २० वर्ष उमेर पुगेर विवाह गर्ने अभिभावकहरुलाई पुरस्कृत गर्ने ।

- बालबालिकाको लागि राम्रो काम र व्यवहार गर्ने अभिभावक व्यक्ति संस्थालाई संमान र साथै पुरस्कारको व्यवस्था गर्ने । प्रत्येक वडातहमा बाल विवाह विरुद्ध कार्य समूह गठन गरी परिचालन गर्ने ।
- बालहिंशा र दुर्व्यवहार नगर्ने प्रतिबद्धता गराउने ।
- टोलस्तरमा आफना बालबालिकाहरुको सरफाई ,पोषणमा ध्यान दिई स्वाथ्य वनाई बालबालिकाहरुलाई नियमित पठन पाठन गराउने अभिभावकहरुलाई वार्षिक रुपमा संम्मान गर्ने ।
- महिला स्वास्थ्य स्वयं सेविका देखि अभिभावकसंग गर्भ जाँच,स्वास्थ्य परीक्षण,पोषिलो खानपिन र आरामको वारेमा कुराकानी गर्न अभियान संचालन गर्ने ।
- व्यक्तिगत ,घरायसी र वातावरणीय सरसफाई प्रवर्द्धनका लागि टोलटोलमा दम्पतिवीच अनुभव आदान प्रदान गराउने ।
- बालबालिकालाई स्याहार र खोपको आवश्यकता महत्व सम्वन्धी स्थानीय भाषामा संचार माध्यमबाट सन्देश प्रवाह गर्ने ।
- दुई छोरी मात्र जन्माउने अभिभावकलाई पुरस्कृत गर्ने
- शैक्षिक संस्थाहरुसंग समन्वय र सहकार्य गर्ने । शिक्षकलाई बालमैत्री शिक्षण सिकाइका लागि तालिम संचालन गर्ने ।
- प्रविधिमैत्री शिक्षणका लागि विद्यालयमा प्राविधिक सहयोग गर्ने ।
- बालबालिकाहरुलाई जिवनउपयोगि सीपहरु प्रदान गरी कुलतवाट छुटाउने ।
- घरघरमा शून्य प्रसुति घोषणा गर्ने अभियान संचालन गर्ने ।
- अभिभावकाको आर्थिक समृद्धिका आयमुलक तालिम संचालन ।
- बाल विकास केन्द्रका सहभागिहरुको नियमितताका लाीग दिवा खाजालाई अनिवार्यता गर्ने ।
- घर , विद्यालय र सेवा प्रवाह गर्ने निकाय र संस्थाहरुमा बालबालिका र किशोरकिशोरी मैत्री वातावरण सृजना गर्ने ।
- प्रत्येक विद्यालयमा द्धैमासिकरुमा विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच गर्ने ।
- बार्षिक शैक्षणिक योजना निर्माण गर्ने विषयगत शिक्षकलाई दैनिक पाठ नोट तयार गरी सो अनुसार शिक्षण सिकाइ गराउन अनिवार्यता गर्ने ।
- बालसंरक्षणका क्षेत्रमा कार्यरत व्यक्ति र संस्थाको क्षमता विकास गरी बाल दुर्व्यवहारको विरुद्धका घटनाहरुमा उजुरी गर्ने र
- सम्वन्धित निकायमा उजुरी गर्ने र दण्ड सजायको व्यवस्था गर्ने।
- जेखिममा परेका बालबालिकाको संरक्षणका लागि उद्धार गर्ने समूह तयार गर्ने
- बालसंरक्षण सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनको लागि कानून तथा न्यायीक क्षेत्रमा समन्वय र नियमित संवाद र छलफल ।
- बालसंरक्षण सम्बन्धी कानूनहरुको प्रचारप्रसार र कार्यान्वयनमा जोड ।
- बालबालिकाहरुको अवस्थामा सुधार गर्न स्थानीय संघस्था,सहकारीका सदस्यहरुको व्यवहार परिवर्तन गराईनेछ।
- बालसंरक्षणका लागि स्थानीय तहका संरचनाहरुमा अनिवार्य बालबालिकाहरुको संस्थागत सहभागितका लागि परि पत्रा गर्ने ।
- बालबालिकाको क्षमता अभिवृद्धिका लागि तालिम, अभिमुखीकरण, अतिरिक्त क्रियाकलापहरु सञ्चालन ।

- बालसंरक्षण नीतिलाई बालसंरक्षणको आधारको रुपमा विकास गर्ने ।
- सेवाप्रदायक संघसंस्थाहरुको पहिचान गरी उनीहरुले दिने सेवाको वर्गीकरण गर्ने ।
- आवश्यक सूचना व्यवस्थापन गर्न नपा को सूचना शाखासँग समन्वय गरी अन्य संघसंस्थाको शाखासँग समन्वय गर्ने ।
- बालबालिकासँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सरोकार राख्ने निकायहरुका लागि बालसंरक्षण सम्बन्धी आचारसंहिता निर्माण र कार्यान्वयन ।
- बालमैत्री वडा घोषणा गर्न प्रोत्साह दिइनेछ ।

## १२. बालसंरक्षणका लागि संचालन गरिने कार्यक्रमहरु

- ✓ स्वास्थ्य सरसफाई वारेमा  टोलटोलमा पर्याप्त सुचना प्रदान गर्ने
- ✓ लैगिंक सम विकास तालिम संचालन
- ✓ व्यवसाय विकास सचेतना संचालन
- ✓ अभिभावकलाई शीपमूलक कार्यक्रम संचालन तथा परामर्श सेवा कार्यक्रम
- ✓ स्वास्थ्य संस्थामा औषधी व्यवस्था
- ✓ प्रत्येक वडामा स्वास्थ्य संस्था व्यवस्था गर्ने
- ✓ अभिभाक शिक्षा कार्यक्रम संलान गर्ने
- ✓ स्थानीय तहवाट प्रदान गरिने सेवा र प्रक्रियाको जानकारी गर्ने
- ✓ बालक्लवको क्षमता विकास र बालक्लव संजाल गठन
- ✓ सरोकारवालाको आचार संहिता तयार गर्ने
- ✓ गरीव तथा विपन्न घरपरिवारलाई बाल पोषणका लागि  सहयोग वितरण ।
- ✓ बालमैत्री भौतिक संरचनाहरुको निर्माण गर्ने । प्रत्येक विद्यालयमा एक एक प्राथमिक उपचार सामग्रीहरुको व्यवस्था गर्ने ।
- ✓ विद्यालय सावुन र पानीको व्यवस्था र हाताको साप्ताहिक सरसफाई  कार्यक्रम संचालन ।
- ✓ प्रविधिमैत्री शिक्षण सिकाइ वातावरणको सृजना गरी शैक्षिक पक्षको गुणस्तरमा सुधार गर्ने ।
- ✓ जोखिम र दुर्व्यवहारमा परेका बालबालिका र अभिभावलाई मनोपरामर्श सेवा संचानलन
- ✓ बालसंरक्षण समितिको गठन ,क्षमता विकास ।
- ✓ बालमैत्री वातावरण सृजनाका लागि सडक नाटक र व्यवहार परिवर्तन गर्ने प्रचा सन्देश प्रदान गर्नो
- ✓ बालबालिकालाई आत्म सुरक्षा सम्वन्धी तालिम संचालन।
- ✓ होटल,यातायात,उद्योग व्यवसायि तथा सरोकारवालाहरलाई बाल अधिकार र श्रमशोषण सम्वन्धि अभिमूखिकरण कार्यक्रम संचालन गर्ने ।
- ✓ बालबालिका माथि शोषण विरुद्धका नीति नियमको वारे जानकारी गर्ने ।
- ✓ विद्यालय भर्ना कार्यक्रमहर संचालन गर्ने ।
- ✓ पछाडि पारिएका समूहलाई सशक्तिकरण गर्ने ।
- ✓ छात्रवृति तथा प्रोत्साहन  प्रदान गर्ने ।
- ✓ बाल  श्रमिक गर्ने र परिवारमा पुर्नमिलन  गर्न आवस गृहमा राख्ने व्यवस्था गर्ने
- ✓ जन्मदर्ता गर्न अभियान संचालन गर्ने ।
- ✓ सडक नाटक,नागरिक भेला संचालन गर्ने

- ✓ अन्तरक्रिया कार्यक्रम।
- ✓ बालश्रममुक्त टोल तथा वडा घोषणा अभियानहरु संचालन ।
- ✓ बालसंरक्षणका लागि आकास्मिक कोषको स्थापना र सहयोग ।
- ✓ पोष्टर साथै भित्तेलेखन गर्ने ।
- ✓ बाल विवाह सम्वन्धि टोल टोलमा अभिभावक शिक्षा संचालन गर्ने
- ✓ किशोर किशोरी शिक्षा कार्यक्रम संचालन।
- ✓ बालश्रम सम्वन्धि जनचेतना संचालन ।
- ✓ अभिभावक,धर्मगुरु,पण्डित लमी,बालक्लवलाई दाइजो सांस्कृतिक प्रथा विरुद्ध प्रचार प्रसार ।
- ✓ बाल अधिकार ,बालसंरक्षण बाल हिंशा सम्वन्धि जनचेतनामूलक कार्यक्रम संचालन ।
- ✓ बालबालिका माथि हुने घटनाहरुको सूचना दिने संयन्त्रको विकास गर्ने ।
- ✓ पिडित बालबालिकाको लागि क्षतिपूर्ति र पुनःथापनाका लागि दवाव सृजना ।
- ✓ सरोकारवालासंग नियमित सहकार्य र समन्वय ।
- ✓ नियमित अनुगमन र द्बैमासिक मूल्याङ्कन ।

## १३.संस्थागत व्यवस्था र क्षमता विकास

बाल संरक्षण नीतिको कार्यान्वयनको अवस्थाबारे सरोकारवालाहरुको अन्तरक्रियाको आयोजना गरिनेछ । बालबालिकाहरुको क्षेत्रमा रहेका तथा देखा पर्ने सवालका विषयमा छलफल कार्यक्रमहरु आयोजना गरिनेछ । नगरपालिकामा रहेका सुरक्षा निकाय ,स्वास्थ्य,शिक्षा, महिला शाखा, वडा बडा कार्यालय, विद्यालय लगायतका सेवा प्रवाह गर्ने निकायहरुमा प्रविधि र पूर्वाधार युक्त बनाइनेछ । सरोकारवालाहरु ,कार्यालय तथा संघसंस्थाहरुमा सूचना सञ्जालको निर्माण गरिनेछ । बालवचाँउ,सरक्षण,विकास र सहभागिता जस्ता बालबालिकाहरुको अधिकार प्राप्तीमा बालबालिकाहरुलाई नै प्रोत्ससाहित गरिनेछ । बालक्लब, बालक्लव संजाल ,बाल संरक्षण तथा संबर्द्धन नगर समिति, वडा समिति समिति, निगरानी समुह, महिला तथा बालबालिका सेल , नगर प्रहरी ,स्थानीय स्तरमा रहेका बालसंरक्षण संयन्त्रलाई बालबिवाह बिरुद्ध आ-आफ्नो ठाउँबाट नीतिको कार्यान्वयनका लागि वकालत गर्ने संस्थाको रुपमा विकास गरिनेछ । नगरपालिकास्तरीय बालसंरक्षण तथा संबर्द्धन समिति तथा वडामा रहेका बालसंरक्षण संयन्त्रहरुलाई क्रियाशील गराइनेछ ।

भद्रपुर नगरपालिकामा कार्यरत अन्तराट्रिय राष्ट्रिय गैरसरकारी संघसंस्था,सामुदायिक संस्था,सहकारी,धार्मिक संस्थाहरु र स्थानीयस्तरमा सामाजिक क्षेत्रमा संलग्न व्यवक्तिहरुको क्षमता बिकास गरी दक्ष जनशक्तिको रुपमा प्रयोगमा ल्याइनेछ । नगरस्तरीय बालसंरक्षण समिति (MCPC) लाई बालसंरक्षण सिफारिस प्रणालीको आधारविन्दुको रुपमा विकसित गरी बाल कल्याण अधिकारी मार्फत स्थानीय तहमा रहने बाल अधिकार समिति र न्यायिक समिति समितिसँगको सहकार्यमा थप प्रभावकारी बनाइनेछ । बालबालिकाहरको संरक्षण र विकास कार्यको प्रभावकारी कार्यान्वयनका लागि निम्नानुसार उल्लेख गरिएको निकायसंग समन्वय गरिनेछ :

## १४.बालसंरक्षण लागि जिम्मेवार निकायहरु

| क्र.सं. | सरकारवालाको नाम | बालबालिकाको विकास र संरक्षणमा भूमिका |
|---|---|---|
| १ | महिला तथा बालबालिका शाखा | ✓ महिला र बालबालिकाहरुको अवस्था पहिचान र विश्लेषण<br>✓ महिला र बालबालिकाहरुको अवस्था सुधारका लागि समन्वय तथा |

| | | |
|---|---|---|
| | | सहकार्य<br>✓ बाल अधिकारको प्रबर्द्धन र संरक्षणका लागि अभियान संचानल<br>✓ जोखिममा परेका महिला र बालबालिकाहरुको उद्धार पुनःस्थथापना<br>✓ बाल संरक्षण सम्वन्धि बनेका ऐन , नीति नियमको जानकारी र नीतिको कार्यान्वयनका लागि पैरवी संचालन |
| २ | महिला तथा बालबालिका हिंशाविरुद्ध महिला संजाल र प्रहरी सेल | ✓ हिंसा पिडित बालबालिका र महिलाहरुलाई सहायता<br>✓ कानूनी संरक्षणका लागि परामर्श<br>✓ अभियान संचालन<br>✓ महिला र बालबालिका दुर्व्यहार गर्ने पिडकलाई कानुनी दायरमा ल्याउने |
| ३ | विद्यालय व्यवस्थापन समिति | ✓ बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चितता गर्ने<br>✓ बालमैत्री वातावरणको सृजना र शिक्षण सिकाइ गर्ने<br>✓ दण्डरहित शिक्षण विधिको प्रयोग |
| ४ | स्वास्थ्य व्यवस्थापन समिति | ✓ तथ्याङ्क संकलन र विश्लेषण गर्ने<br>✓ सवै बालबालिकाहरुको खोपमा पहुँच वृद्धि गर्ने<br>✓ स्वास्थ्य र सरफाईमा सचेतना अभिवृद्धि<br>✓ मातृ स्वास्थ्य तथा पोषण कार्यक्रम विस्तार |
| ५ | टोल विकास संस्था | ✓ सचेनता र पैर ीगर्ने<br>✓ बाल संरक्षणका लागि पैरवी र प्रतिबद्धता<br>✓ जोखिममा परेका वर्गको लगत र सम्वन्धित तहमा उजुरी गर्ने |
| ६ | युनिसेफ नेपाल लगायतका अन्तर्राष्ट्रिय गैसस | ✓ बाल संरक्षण समितिको गठन ,क्षमता विकास र बालसंरक्षणका लागि दवाव र पैरवी<br>✓ प्राकृतिक प्रकोपमा परी जोखिममा रहेका बालबालिकाहरुको लागि उद्धार साथै पुनःस्थापना<br>✓ बाल विवाह न्यूनिकरण र ऐन नियम सम्वन्धी जानकारी<br>✓ बालबालिकाको हितका लागि नीति निर्माणमा सहयोग<br>✓ गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच अभिबृद्धि<br>✓ शैक्षिक गुणस्तर अभिवृद्धिमा सहयोग |
| ७ | स्थानीय बालक्लव र सहकारी संस्था | ✓ बाल क्लव पुनःगठन र परिचालनमा सहजीकरण गर्ने<br>✓ बालमैत्री सेवा सुविधमा सहजीकरण<br>✓ सुरक्षा निकाय तथा कार्यान्वयनमा सहकार्य गर्ने<br>✓ सीमान्तकृत समुदायलाई लक्षित गरी बालबालिकाको सरकारको विषयमा सहजीकरण र नीति नियम कार्यान्वयनका लागि योजना निर्माण |
| ८ | सामुदायिक वन, तथा प्रहरीकार्यालय | ✓ बालबालिकाको बौद्धिक तथा सामाजिक विकासको लागि समन्वय<br>✓ बालबालिकाको संरक्षणका लागि कानूनी कारवाही<br>✓ उद्धार र संरक्षण<br>✓ अनुगमन र नियमन |

| | | |
|---|---|---|
| ९ | आमा समूह,महिला संजाल , महिला स्वास्थ्य स्वयंसेविका, विद्यालय व्यवस्थापन समिति | ✓ लैगिंक विभेदरहित वातावरणका निर्माणमा सहजीकरण<br>✓ न्यायिक अधिकारको क्षेत्रमा सहजीकरण गर्ने र न्याय सेवामा सवै पहुँच वृद्धि गरि न्याय सेवालाई सरल वनाउने<br>✓ आधारभूत सेवा सुविधामा पहुँच अभिवृद्धि गर्ने ।<br>✓ हिंशा,दुर्व्यवहार, उपेक्षा र शोषणमा परेका वर्ग अधिकारको पक्षमा निर्याण<br>✓ विद्यार्थी नियममिता र |
| १० | संचारकर्मी | ✓ प्रचार प्रसार र सूचना प्रबर्द्धन साथै पृष्टपोषण |
| ११ | स्थानीय वुद्धिजीवि | ✓ नीतिको जानकारी र अनुगमन |
| १२ | समाजसेवी | ✓ सचेतीकरण र निगरानी |
| १३ | सरकारि कार्यलय | ✓ बालबालिकाको अधिकार सुनिश्चिता र कानूनी कारवाहीमा तत्परता |
| १४ | शिक्षा शाखा | ✓ विद्यालयलाई बालमैत्री वातावरण तयारी गरी शिक्षण सिकाइको वातावरण सृजना । |
| १५ | राजनीतिकदल | ✓ प्रचार प्रसार र पालनाका लागि अनुगमन |
| १६ | न्यायिक समिति | ✓ बालबालिका माथि भएका घटनाहरुको उजुरी लिने निर्णय गर्ने । |
| १७ | निगरानी समूह | ✓ बाल संरक्षणका लागि अभियान संचालन र संस्थागतरुपमा उजुरी गर्ने ।<br>✓ अनुगमन र अभियान संचालन गर्ने । |
| १८ | बाल संरक्षण तथा संबर्द्धन समिति | ✓ बालबालिको क्षमता विकास र परिचालन<br>✓ ऋभिभावक शिक्षा<br>✓ बाल संरक्षणका लागि अभियान संचालन र संस्थागतरुपमा उजुरी गर्ने ।<br>✓ अनुगमन र अभियान संचालन गर्ने । |
| १९ | जिल्ला समस्वय समिति | ✓ अनुगमन मूल्याङ्कन र प्राविधिक सहयोग |

बालसंरक्षणको क्षेत्रमा समन्वय र सहकार्य बढाइ आवश्यकता अनुसार अन्य निकायको पहिचान गरी बालसंरक्षणका क्षेत्रमा कार्यरत संयन्त्रहरुको लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

## १५.नीतिको कार्यान्वयन

भद्रपुर नगरपालिकामा सरोकारवालाहरु सहितको छलफल पछि बाल संरक्षण नीति नगरसभावाट पारित गरिनेछ । बाल संरक्षण नीति जारी पश्चात नगरपालिकाका प्रत्येक वडाका सम्पूर्ण व्यक्ति र घरघरसम्म जानकारीका लागि व्यापक प्रचार प्रसार गरिनेछ । बाल संरक्षण नीतिको कार्यान्वयनमा ल्याउन स्थानीय तहले नै नेतृत्वदायी भूमिका निर्वाह गर्ने छ । नगरपालिका,विषयगत शाखाहरु स्वास्थ्य, शिक्षा, महिला लयातका कार्यालयहरुको कार्यक्रममा बालसंरक्षण सम्बन्धी गतिविधिहरु समावेश गर्नका लागि सहजीकरण गरिने छ। युनिसेफ नेपाल लगायतका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय एवम् स्थानीय गैससबाट सञ्चालन गरिने कार्यक्रम बीच समन्वय गरी बालबालिकाको समग्र पक्षको विकासका लागि प्रभावकारी कार्यान्वयनमा ल्याउने कार्यलाई प्राथमिकता दिइनेछ । स्थानीय परिवेश र आवश्यकता अनुसार बाल अधिकार सुनिश्चितता गर्नका लागि सम्बन्धीत सवाल समाधान हुन सक्ने गरी जिम्मेवारी तोकी समितिहरुको गठन गरी नीतिको कार्यान्वयनमा जोड दिइनेछ ।

बालबालिकासँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा काम गर्ने कार्यरत संघसंस्था,प्रतिष्ठानहरुलाई संस्थागत रुपमा बाल संरक्षण नीतिको पालना गराउन सहयोग हुने क्रियाकलापहरु संचालन गर्न स्थानीय तहको वार्षिक योजनामा समावेश गर्न समन्वय र अनुरोध गरिनेछ । बालसंरक्षण नीतिको व्यवहारिक कार्यान्वयनमा ल्याउन वडा समिति,विद्यालय व्यवस्थापन समिति,सुरक्षा निकाय, नगर प्रहरी ,टोल विकास संस्था,उद्योगी व्यवसायी बाल क्लव ,विद्यार्थी, बालबालिका, अभिभावक, महिला स्वास्थ्य स्वयं सेविका, आमासमुह, सहकारी संस्था, उपभोक्ता समति, धार्मिक संस्था, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ,राजनीतिक दल,तथा सरोकारवालाहरुलाई तालिम तथा अभिमुखीकरण सञ्चालन गरिने छ । नीतिको कार्यान्वयनमा सहयोगी हुने कार्यक्रमको कार्यान्वयमा जोड दिनेछ । महिला शाखा,बाल कल्याण अधिकारी,बाल अधिकारी समिति,जिल्ला बाल न्याय समिति, प्रहरी कार्यालय,स्वास्थ्य व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति , बाल संरक्षण तथा संबर्द्धन समिति , न्यायिक समिति , श्रम कार्यालय, आदि लगायतको सहभागितामा समिति गठन गरी नीतिको कार्यान्वयनमा जोड दिइनेछ ।

**१६. बाल संरक्षण तथा नीति कार्यान्वयका लागि अनुगमन तथा मूल्याङ्कन व्यवस्था**

बालबालिकाको संरक्षरण तथा नीतिको परिपालना गराई बाल अधिकारको प्रबर्द्धन गर्न नगरपालिका भित्रका सवै सरोकारवालाहरुको अनुगमन गर्नेछ । भद्रपुर नगरपालिकाको प्रमुखको संयोजकत्वमा उपप्रमुख ,विषयगत शाखा,राजनीतिक दल ,नागरिक समाज,उद्योगी ,बालक्लव संजाल,बालसंरक्षण तथा संबर्द्धन समिति,शिक्षाप्रेमी ,सुरक्षा निकाय र बाल अधिकारको क्षेत्रमा कार्यरत संघसंस्था र संचारकर्मी समेको सहभागितामा अनुगमन र मूल्याङ्कनका लागि एक समिति गठन गरिनेछ ।
बालबालिका माथि हुन सक्ने हिंशा,दुर्व्यवहार,भेदभाव,वेवास्ता, अपहेलना,उपेक्षा,शोषण , यौन हिंशा दुर्व्यहार,बाल विवाह लगायतका कसुरजन्य कार्य हुन नदिन तथा त्यस्ता कार्यवाट बालबालिकाहरुलाई समयमा सुरक्षित राख्न प्रत्येक वडास्तरमा वडा अध्यक्षको संयोजकत्वमा अनुगमन तथा मूल्याङ्कन समिति गठन गरी परिचालन गरिनेछ । वडास्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले बालबालिका माथि गरिने दुर्व्यबहार,हिंशा,उपेक्षा,अपहेलना,शोषण जस्ता कसुरजन्य कार्य तथा घटनाहरु हुन नदिन खवरदारी गर्ने छ । वडामा बाल अधिकार उल्लघन सम्बन्धी घटनाको विवरण संकलन गरी सार्वजनिक गर्ने छ । नगरपालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिमा प्रत्येक महिना लिखित प्रतिवेदन वडा समितिले पेश गर्नेछ ।

नगरपालिका स्तरमा गठित अनुगमन तथा मूल्याङ्कन समितिले निरन्तर अनुगमन र मूल्याङ्कन गर्ने छ । अनुगमन र मूल्याङ्कन समिति, विषयगत शाखा,बाल संरक्षण समिति ,बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्था,बाल क्लव,विद्यालय र अभिभावकहरुवाट बालबालिकाहरु माथि गरिने कुनै पनि कसुरजन्य कार्यहरुको सूचना लिने संयन्त्र नगपालिका स्तरमा व्यवस्था गरिनेछ । अभिभावक देखि अन्य व्यक्ति निकायहरुवाट बालबालिका विरुद्ध गरिएका घटनाहरुको सूचना प्राप्त हुन साथ रोकथाम कार्यमा जनशक्ति सम्वन्धित क्षेत्रमा पठाइनेछ । नगरपालिकास्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले बालबालिकाहरु माथि हुने गरेका घटनाहरु त्रैमासिक वैठक गरी अर्धवार्षिक रुपमा समिक्षा गरि बाल संरक्षणका क्षेत्रमा देखिएका सवालहरुलाई सम्वोधन गर्न आवशयक निर्णय गरी सरोकारवालाहरुलाई परिचालन गर्ने छ ।

**१७.नीतिको पुनरावलोकन र सुधार**

बाललिकाहरुको बचाउँ,संरक्षण, विकास र अर्थपूर्ण सहभागिता हुन पाउने अधिकार प्राप्त गर्न अवसर सृजनाका लागि सवै सरोकारवालाहरुले पालना गर्नु पर्ने मूल्यमान्यताका रुपमा तयार गरि जारी गरिएको बाल संरक्षण

नीतिलाई त्रैबार्षिक रुपमा नीतिको कार्यान्वयनको प्रभावकारिता,उपयोगिताको समय सापेक्ष वनाउन स्वतन्त्र रुपमा मूल्याङ्कन गरी नीतिमा समयसामयिक पुनरावलोकन तथा सुधार गरिनेछ ।

१८. **बाल संरक्षण नीति कार्यान्वय कार्ययोजा**

| *क्र.सं.* | *क्रियाकलाप* | *जिम्मेवारी* | |
|---|---|---|---|
| | | *मुख्य* | *सहयोग* |
| १ | बाल संरक्षण नीति कार्यपालिकामा छलफल र सभाबाट पारित | | |
| २ | बाल अधिकार र बालसंरक्षण नीतिको वारेमा वडा वडामा प्रचार | | |
| ३ | अनुगमन तथा मूल्याङ्कन समिति गठन | | |
| ४ | वडास्रीय बाल क्लव गठन र पुनःगठन तथा बालक्लवको क्षमता विकास परिचालन | | |
| ५ | प्रत्येक विद्यालयमा बाल क्लव गठन बाल संरक्षण तथा संबर्द्धन वडा समिति गठन र परिचालन | | |
| ६ | नगर तथा वडा स्तरका संरचनामा बालबालिकाको अर्थपूर्ण सहभगिता | | |
| ७ | बाल विबाह र हिंशा न्यूनिकरणका अभियान संचालन गर्ने | | |
| ८ | बालहिंशा र दुव्यवहार विरुद्ध पोष्टर भित्ते लेखन | | |
| ९ | सडक नाटक -याली संचालन | | |
| १० | दवाव र निगरानी समुहहरुको गठन | | |
| ११ | बालसंरक्षणका देखिएका सवालहरुलाई समाधानका लागि कार्यान्वयनमा ल्याउने | | |
| १२ | सरोकारवालाहरुको नियमित वैठक | | |
| १३ | तालिम र प्रचार प्रसार | | |
| १४ | बाल संरक्षणका लागि पैरवी र विपद व्यवस्थापनका लागि कोष खडा | | |
| १५ | आचार संहिता तयारी र प्रतिबद्धता | | |
| १६ | बाल स्याहार केन्द्र स्थापना | | |
| १७ | समन्वय र सहकार्य | | |
| १८ | निरन्तर अनुगमन र मूल्याङ्कन | | |

## *१९. आचार संहिता र प्रतिवद्धता*

***स्थानीय तहका निर्वाचित पदाधिकारीको***

☺ छोरी छोरामा समान व्यवहार गर्नेछौं ।

☺ बालबालिकाहरुलाई धुमपान र मद्यपान जस्ता कुरा किन्न पठाउने छैनौं र उनीहरुका अगाडि खाने पनि छैनौं ।

☺ बालबालिकाको विचार र भावनाको कदर गरी बालबालिकालाई साथी सरह व्यवहार गर्नेछौं ।

☺ स्थानीय तहको योजना तथा निर्णय प्रक्रियामा बालबालिबाको अर्थपूर्ण सहभागिता गर्ने र गराउनेछौं ।

☺ बालबालिकाहरुलाई कुटपिट,गालीग्लोज,हिंशा,दुर्व्यवहार,शोषण , अपलेहना , वेवास्था, उपेक्षा र भेदभाव गर्दैनौं ।

☺ बाल विवाह गर्नेलाई कानूनी कार्यवाही गर्नेछौ र कम उमेरको विवाहको निमन्त्रणा स्वीकार गर्दैनौं।

☺ बाल श्रम हुन दिदैनौ र बालश्रम गर्ने लाई कानूनी कारवाही गर्नेछौं ।
☺ घरेलु हिंशा गर्दैनौ र हिंशा हुन दिनेछैनौं ।
☺ बालबालिलिकालाई असर पर्ने कुरा गर्दैनौं ।
☺ पूर्वाधार निर्माणमा बालमैत्री  बनाउनेछौं ।
☺  बाल उमेरमा  गरिएको विवाहमा भोज खादैनौं र २० पछि मात्र विवाह गर्न गराउन दवाव सृजना गर्नेछौं ।
☺ सेवा प्रवाहमा बालबालिकालाई पहिलो प्राथमिकता दिने र दिन लगाउनेछौं ।
☺ गरीव विपन्न वर्ग घरधुरीको  पहिचान गरी उनीहरुको जीवनस्तर वृद्धिका लागि जिविकोपार्जन कार्यक्रम संचालन गर्न पहल गर्नेछौं ।
☺ नीति नियमानुसार कार्य संचालन गर्ने र गराउने छौं ।
☺ स्वास्थ्य र सरफाईमा सुधार गर्न अभियान संचालन गर्नेछौं ।
☺ बालबालिकालाई स्नातक तह सम्म पढाउन अभिप्रेरित गर्नेछौं ।
☺ विद्यालयको शिक्षण सिकाइ गुणस्तर वनाउन भौतिक,मानवीय,वातावरण पक्षमा सुधार गर्दै प्रविधियुक्त, विद्यार्थी केन्द्रीत शिक्षण विधिको अवलम्वन गरी विद्यालयलाई  आर्कषण केन्द्र वनाउनेछौं ।
☺ विद्यालयमा खेल सामग्री, शैक्षिक सामग्री, प्राथमिक उपचार सामग्री वक्स, विद्यार्थी अनुपातका आधारमा शिक्षकको व्यवस्था  र लगानी गर्नेछौं ।
☺ विद्यालयको शैक्षिक उपलब्धिस्तरका आधारमा थप अनुदान दिने नीतिलाई आत्मसाथ गर्नेछौं ।
☺ नगरपालिका भित्र रहेका सवै वर्गको सन्तुलित विकासका लागि पुर्वाधार संगै आर्थिक,सामाजिक,वन वातावरण,विपद व्यवस्थापन साथै  सेवा प्रवाह र संस्थागत विकासमा प्राथमिकता राख्नेछौं ।
☺ विद्यालय,सहकारी,संघसंस्था र संरचनामा बालबालिकाको संस्थागत सहभागिता गर्न  परिपत्र गर्नेछौं ।
☺ वडास्तरमा बाल उद्यान निर्माण गर्नेछौं ।
☺ जोखिम र विपतमा परेका बालबालिकाको उद्धार गर्न कोषको व्यवस्था गर्नेछौं ।
☺ बालबालिकाहरुको चौतर्फी विकासमा वार्षिकरुपमा बाल भेला संचालन गरी बाल सहिभागिता सुनिश्तितता गर्ने।
☺ सडक बालबालिका र भिन्न क्षमता भएका बालबालिकाहरुको उद्धार कोषको व्यवस्था गर्नेछौं। र आवश्यकतानुसार बाल स्याहार केन्द्र स्थापना गर्न  वजेट व्यवस्था गर्नेछौ ।
☺ बाल संजालको पुनःगठन र क्षमता विकासका  कार्यक्रमहरु संचालन गर्ने ।
☺ बालमैत्री स्थानीय शासनका सेवा प्रवाह र संस्थागत सूचक पुरा गरी वडालाई बालमैत्री वडा घोषणा गर्नेछौं ।
☺ बालबालिकाहरुको आवश्यकताका आधारमा विकास निर्माण संचालन गर्नेछौं   ।
☺ संविधान, ऐन, नियम ,नर्तिको परिपालना गर्ने र गराउन लागि पर्नेछौ।
☺ नगरपालिकाको शासन प्रक्रियमालाई पारदर्शिता ,जवाफदेही वनाउदै सुशासन कायम गर्नेछौं ।
☺  बालबालिकाहरुलाई श्रमशोषण गर्ने छैनौ र १४ वर्ष मुनीका बालबालिकाहरुलाई श्रमिकको रुपमा प्रयोग गर्न रोक्नेछौं ।
☺ लागुपर्दाथ,धुपमान र मध्यपान ओसार पसारमा बालबालिकाको प्रयोग नगर्न प्रचार प्रसार गरिने र गर्ने लाई कार्यवाहीको दायरामा ल्याउनेछौ ।

## *राजनीतिदलको आचार संहिता*

☺ बालबालिकाहरुलाई पार्टीको जुलुस,प्रचार प्रसार जस्ता कार्यमा प्रयोग गर्ने छैनौं ।
☺ बालमैत्री व्यवहार गरी वानीमा परिवर्तन ल्याउन बालमैत्री नीति नियम र आचार संहिता निर्माण गरी कार्यान्वयन गर्ने  गराउने  ।

☺ विद्यालय,बालविकास केन्द्र र स्वास्थ्य संस्थाहरुमा बालबालिकाको आवश्यक कुराहरु पुरा गराउने ।

☺ नगरपालिकामा आधारभूत स्वास्थ्य सेवा, पूर्ण सरसफाई ,आधारभूत तह सम्मको अनिवार्य शिक्षा लिने र वातावरण अनुकुलनता गर्न समन्वय सहकार्य गर्ने ।

☺ बाल अधिकार प्रवर्द्धन र सुनिश्चितताका लागि बालबालिकाहरुको लागि आवश्यक वजेट विनीयोजन गर्ने ।

☺ स्थानीय निकायवाट संचालन गर्ने र निर्माण गरिने कार्यक्रमहरुमा बालबालिकाहरुको हितलाई ध्यान दिने

☺ बालबालिकाहरुलाई जोखिमपूर्ण कार्यमा लगाउदैनौं ।

☺ बालबालिकाहरुलाई घरपरिवार ,समुदाय र विद्यालयमा हुने हिंशा,कुटपिट र दुर्व्यवहार नगर्न आफना कार्यकर्ताहरुलाई अनुशिक्षण गर्नेछौं ।

☺ बालबालिकाहरुलाई सभासम्मेलन,जुलुसमा सहभागि गराउदैनौं ।

☺ विद्यालय,अभिभावक, व्यवपारी ,विषयगत कार्यालय र बालक्लवहरुले तयार गरेको बालमैत्री आचार संहिता पालना भए नभएको अनुगमन गर्ने र पालना गर्न लाउने ।

☺ बालबालिकालाई राजनीतिक गतिविधिमा संलग्न गरादैनौं ।

## सामाजिक संघसंस्थाको आचार संहिता

☺ बाल विवाह नगर्न संझाउने र संझाउदा नमानेमा प्रहरीमा उजुरी गर्नेछौं ।

☺ बालबालिकाहरु प्रति बालमैत्री व्यवहार गर्नेछौं ।

☺ बालबालिकाहरुलाई जोखिम हुने कार्य गर्ने छैनौ ।

☺ बालहित र संरक्षण सम्बन्धि बनेका ऐन नियम ,नीति र आचारसंहिताको पालना गर्नेछौं र बालबाललिकाको हितका लागि बनेका ऐन नियम ,नीतिको जानकारी गर्नेछौं ।

☺ बालबालिका माथि हुने हिंशा,दुर्व्यबहार,बेचविखन तथा यौन शोषण जस्ता घटनामा कमी ल्याउन उजुरी गर्ने वानीको सुरुवात गर्नेछौं ।

☺ बालबालिकाहरुलाई जथाभावी छोडेको अवस्थामा अभिभावकलाई संझाउने छौ ।

☺ बालबालिका माथि गरिने हिंशा दुर्व्यबहार शोषण रोक्न व्यवहारमा लागु गर्नेछौं र सचेतना फैल्याउनेछौं ।

☺ शिक्षक र विद्यालय व्यवस्थापन समितिको नीतिनियमको पालना गर्नेछौं ।

☺ बालबालिकालाई अनिवार्यरुपमा विद्यालयको पठाउनेछौं र पठाउन सहयोग गर्नेछौं ।

☺ बाल क्लवको आवश्यकता र महत्व बुझाउने साथै बालक्लव गठन र परिचालनमा सहयोग गर्नेछौं ।

☺ बालबालिकाको विचार र भावनाको सुनाई र कदर गर्नेछौं ।

☺ बालबालिकासंग सरोकार राख्ने विषयमा बालबालिकाहरुको अर्थपूर्ण सहभागिता गराउनेछौं ।

☺ सुरक्षित मातृत्व , पोषण र पूर्णखोपका लागि प्रचार प्रसार गर्नेछौं ।

☺ बालश्रम रोक्न कठिबद्ध रहनेछौं ।

☺ बालबालिकाहरुलाई समान व्यवहार गर्नेछौं ।

☺ बालमैत्री बानी व्यवहार गर्ने र सूचकहरु पुरा गराउन लागि पर्नेछौं ।

☺ बालबालिकाको आधारभूत आवश्यकता परिपूर्तिका लागि स्थानीयस्तरमा रहेका सरोकारवालासंग सहकार्य र साझेदारी प्रबर्द्धन गर्नेछौं।

☺ बालबालिकाहरुले भोगेका सवाल र समाधानका उपायहरुको पहिचानका लागि बाल सूचना केन्द्रको व्यवस्थापन गर्नेछौं ।

## स्वास्थ्य कर्मी तथा कर्मचारीको आचार संहिता

☺ *बालबालिकाको भावनाको कदर गरी बालमैत्री बानी व्यवहार गर्नेछौं ।*

☺ सेवा प्रवाहमा बालबालिकालाई पहिलो प्राथमिकता दिनेछौं ।

☺ गर्भवति महिला र उनको परिवारलाई नियमित स्वास्थ्य जाँच र स्वास्थ्य संस्थामा प्रसुतीका लागि प्रोत्साहान गर्नेछौं ।

☺ सेवा लिन आउनेहरु सवैलाई आफै अभिवान गरी मिठो वोली वोल्नेछौं ।

☺ बालबालिकाहरुको खोपमा पहुँच वढाउन खोप समन्वय समिति गठन गर्नेछौं ।

☺ वडावासीहरुका स्वास्थ्य सेवा सम्वन्धि समस्याहरु समाधान गर्न क्रियाशिल रहनेछौं ।

☺ अभिभावक ,गर्भवती महिला र बालबालिकाहरुको आधारभूत सेवा पुरा गर्नेछौं ।

☺ गर्भजाँच,खोप र स्वास्थ्य सेवाका आवश्यक कुराहरु पुरा गर्न स्वास्थ्य संस्थामा स्वास्थ्य कर्मी उपस्थित भएर चलाउनेछौं ।

☺ स्वाथ्य व्यवस्थापन समितिमा बाल क्लव संजालको प्रतिनीधित्व गर्नेछौं ।

☺ स्वास्थ्य संस्थाहरुमा आउने सेवाग्राहीहरुलाई मैत्रीपूर्ण व्यवहारका साथ सेवा प्रवाह गर्नेछौं ।

☺ बालबालिकाहरुले पाउनु पर्ने सवै सेवाहरु पुरा नगर्ने अभिभावहरुको नामावली सार्वजनिक गर्नेछौं ।

☺ आफानो कार्यक्षेत्रका साथीभाई दिदिवहिनी आमावुबालाई बालबालिकाहरुलाई बाँच्नका लागि आवश्यक कुराहरु लिन सक्ने वनाउनेछौं.।

☺ गर्भवति आमाहरुलाई स्वास्थ्य संस्थामा गर्भजाच र सुत्केरी गराउन सहयोग गर्नेछौं ।

☺ ६ महिनासम्मका बच्चालाई आमाको दुध र छ महिना पछि थप खानेकुरा लिटो खुवाउन जानकारी गरी वानी वसाल्ने तौरतरिकावारे जानकारी गर्नेछौं ।

☺ बालबालिकाको अगाडि धुम्रपान नगर्ने, बालवालिकाहरुलाई असल वानी व्यवहार सिकाउनेछौं ।

☺ जन्मने साथ बालबालिकाहरुलाई आमाको विगौति दुध खुवाउन सल्लाह दिनेछौं ।

☺ वडामा जन्मेको १५ महिना भित्रका सवै बालबालिकाहरुलाई पूर्ण खोप लिने वातावरण सृजना गर्नेछौं ।

☺ प्रत्येक घर र विद्यालयको शौचालयमा सावुन पानीको व्यवस्था सहित दिसा गरिसके पछि,बालबालिकाको दिसा धोएपछि, फोहोर वस्तु छोए पछि र खाना खानु र बालबालिकालाई खाना खुवाउनु अघि सावुन पानीले हात धुने परिपाटीको विकासलाई गर्नेछौ साथै स्वास्थ्य संस्थाहरुमा सावुन पानीको व्यवस्था मिलाउनेछौ ।

## *अभिभावकाको आचार संहिता*

☺ छोरीछोरालाई समयमा खान दिई नियमित बाल विकास केन्द्र पठाउनेछौं।

☺ छोरीछोरालाई नियमित विद्यालय पठाउनेछौ।

☺ घरायसीकाममा महिलालाई सहयोग गर्नेछौं ।

☺ छोरीछोरामा कुनै भेदभाव नगरी समयमा उपचार गर्नेछौं।

☺ आफना बालबालिकाहरु विद्यालय पुगे नपुगेका वुझ्नेछौं ।

☺ गर्भवति महिलाहरुलाई नियमित स्वास्थ्य परिक्षण,खोप,पोषणयुक्त खाना , उचित स्याहार र आइरन चक्कीको व्यवस्था मिलाउनेछौं ।

☺ गर्भवतिहरुलाई आराम र पोषिलो खाना दिई घरायसी काममा सहयोग गर्नेछौं ।

☺ गर्भवति महिलाको स्वास्थ्य संस्थामा लगी दक्ष स्वास्थ्य कर्मीवाट नै सुत्केरी गराउनेछौ ।
☺ सुत्केरी भएपछि आमा र नवजात शिशुको एक हप्ता भित्र तीनपटक अनिवार्य स्वास्थ्य जाँच गराउनेछौं ।
☺ छ महिना सम्म आफना छोरीछोरालाई आमाको मात्र दुध खुवाउन आमालाई पोषिलो खाना , समय मिलाउने र घरपरिवारलाई संझाउनेछौं ।
☺ बालबालिकाको जन्मदर्ता जन्मेको ३५ दिन भित्रै गर्ने गराउनेछौं।
☺ बच्चा जन्मेको छ महिना भित्र सम्म आमाको दुध मात्र खुवाउन सहयोग गर्नेछौं ।
☺ १५ महिना भित्र सवै बालबालिकाहरुलाई पूर्ण खोप दिलाउने छौं ।
☺ घरपरिवारमा बालमैत्री वातावरण सृजना गर्नेछौं ।
☺ आफना छोराछोरीहरुलाई पोषिलो कुरा,बालमनोविज्ञान स्वभावर मनोरञ्जन र घुमफिर आदिको उचित प्रबन्ध गर्नेछौं ।
☺ २० उमेर पुगे पछि मात्र छोरीछोराको विवाह गर्ने र गराउनेछौं ।
☺ छोरीछोराको पढाईका घर र विद्यालयमा सहयोग पु-याउनेछौं ।
☺ बालबालिकाहरुको उमेर अनुसार शारीरिक ,मानसिक,सामाजिक र संवेगात्मक पक्षको विकास भए नभएको हेर्ने र पृष्ठपोषण प्रदान गर्नेछौ ।
☺ बालबालिकाको शारीरिक ,मानसिक,सामाजिक र संवेगात्मक पक्षमा असर पुग्ने खालका कार्य गराउने छैनौं।
☺ बालबालिकालाई मधपान,धुपपान वस्तु किन्न पठाउने छैनौ. र बालबालिकाको छेउमा पनि खादैनौं ।
☺ बालबालिका छेउमा नराम्रो वोली र झगडा पनि गर्ने छैनौं ।

## *विद्यालय व्यवस्थापन समिति तथा शिक्षकको आचार संहिता*

- विद्यालयलाई शान्ति क्षेत्र घोषणा गर्ने ।
- नियमितरुपमा विद्यालय संचालन र गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
- प्रत्येक दुई दुई महिनामा वैठक वस्नेछौ ।
- विद्यालयमा छात्रा छात्रको छुटाछुटै शौचालयको व्यवस्था गर्ने र सावुन पानीको व्यवस्था गर्ने ।
- बालमैत्री शिक्षण सिकाइ गर्ने र दण्डको सटामा पृष्ठपोषण तथा उत्प्रेरणा प्रदान गर्ने ।
- विद्यालयमा स्यानीटरी प्याडको व्यवस्था गर्ने ।
- विद्यार्थीको गुनासो सुन्ने र उनीहरुको सहभागितामा अतिरिक्त क्रियाकलाप संचालन गर्ने ।
- विद्यालयलाई लैगिक विभेद मुक्त गर्ने ।
- विद्यालयमा वाल विकास कक्षाको स्तरोत्तर वृद्धि गर्ने
- विद्यालयमा बाल क्लव गठन गरी विद्यालय व्यवस्थापन समितिमा बाल क्लवको सुनिश्चिता गर्ने
- विद्यालयको संरचनाहरु बालमैत्री वनाउदै लैजाने ।
- विद्यालयमा साप्ताहिक रुपमा अतिरिक्त क्रियाकलाप संचालन गर्ने ।
- विद्यार्थीहरुलाई वोझको रुपमा गृहकार्य नदिने ।
- विद्यालयमा सुझाव पेटीका व्यवस्था गर्ने ।
- विद्यालयको वातावरण आर्कषक वनाउने ।

## *उद्योगी र व्यवसायिको आचार संहिता*

- बालबालिकाहरु प्रति बालमैत्री व्यवहार गर्नेछौं ।
- बालबालिकाहरुलाई मार्दक पदार्थ र सुर्तीजन्य वस्तुहरु विक्री गर्नेछैनौं ।
- आफनो व्यवसायमा बालबालिकाहरुलाई श्रमिकको रुपमा प्रयोग गर्ने छैनौ ।
- उद्योग ,कलकारखाना, तथा जोखिमपूर्ण क्षेत्रमा बालबालिकाको प्रयोग गर्ने छैनौ र प्रविधिको प्रयोग गर्नेछौं।
- आफना व्यवसायमा बाल श्रममुक्त क्षेत्रको रुपमा घोषणा गरी लोगो राख्नेछौ ।
- भद्रपुर नगरपालिका क्षेत्रमा रहेका सवै घरपरिवार र व्यवसायमा बाल श्रमिको प्रयोग भए गरेको पाईएमा सम्वन्धित निकायमा जानकारी दिई बालश्रम रोक्न दवाव सृजना गर्नेछौं।

## बालबालिकाको (विद्यार्थी) लागि आचार संहिता

☺ बालक्लवमा सहभागि भै क्लवले संचालन गर्ने क्रियाकलापमा सहभागिता जनाउनेछौं ।

☺ व्यक्तिगत,घरायसी र वातावरणीय सरसफाई गर्नेछौं ।

☺ नियमित विद्यालयमा उपस्थित हुनेछौं ।

☺ विद्यालयको नीति नियमको पालना गरी अनुशासित हुनेछौं ।

☺ पढने,खेल्ने संगै अभिभावहरुलाई पनि सहयोग गर्नेछौं ।

☺ आफना समस्याहरुका वारेमा बालक्लवमा छलफल गर्नेछौं ।

☺ व्यक्तिगत,घरायसी र वातावरणको सरसफाई गर्नेछौं र सरसफाई सम्वन्धि सचेतना गर्नेछौं ।

☺ बडास्तरीय बालमैत्री स्थानीय शासन समितिसंग समन्वय गरी टोलटोलमा सूचकहरुको जानकारी गर्नेछौं ।

☺ बाल अधिकारवारे जानकारी गर्न वडास्तरमा रहेका बालक्लवको टोली वनाई परिचालन गर्नेछौं ।

☺ प्रत्येक विद्यालयमा व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बालक्लव वैठकमा सहभागी भै विद्यालयलाई बालमैत्री वनाउनेछौं ।

☺ विद्यालयमा साप्ताहिक अतिरिक्त क्रियाकलापहरु नियमित गर्ने र अतिरिक्तक्रियाकलापहरुमा बालमैत्री स्थानीय शासनका सूचकहरुमा आधारित प्रतियोगिताहरु संचालन गर्नेछौं ।

☺ अभिभावकहरुले आफना छोराछोरीलाई बालमैत्री व्यवहार गरे नगरेको बालक्लबले अनुगमन गरी बालक्लवमा छलफल गर्नेछौं ।

☺ बालक्लव संजाल मार्फत आफ्ना समस्या समाधानका लागि,स्वास्थ्य व्यवस्थापन समिति र सेवा प्रवाह गर्ने निकायमा माग राख्नेछौं ।

☺ जोखिम र विपतमा परेका बालबालिकाहरुलाई सरोकारवालाहरुसंग समन्वय गरी उद्धार गर्न सहयोग गर्नेछौ ।

☺ बाल विवाह रोक्न समुदायमा खबरदारी गर्नेछौं र गरेमा सुरक्षाकर्मीलाई जानकारी गर्नेछौं ।

☺ बालबालिकाहरुको सरोकार राख्ने विषयमा आफनो सहभागिताको लागि दवाव सृजना गनेछौं ।

☺ बालबालिकाहरु माथि हुने कुटपिट,हिंशा अन्तको लागि बालमैत्री वानी व्यवहार प्रबर्द्धन गरी बालविबाहमा कमी गर्ने, विद्यार्थी नियमितता , खोप स्वास्थ्य सेवा,जन्मदर्ता वारे सडक नाटक, ऱ्याली ,घरदैलो कार्यक्रम संचालन गर्नेछौं। ।

☺ बाल श्रम प्रयोग गरिएको होटलमा खाजा नखाने र संझाउनेछौं ।

**सन्दर्भ सूचि :**

नेपालको संविधान -२०७२
बाल अधिकार राष्ट्रिय महाशन्धी सन -१९८९
स्थानीय सरकार सञ्चालन ऐन -२०७४
बालबालिका सम्वन्धी ऐन -२०७५
भद्रपुर नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम,नगरको बस्तुगत विवरण -२०७५/०७६
भद्रपुर नगरपालिकाको शिक्षा ऐन -२०७५
बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति -२०७२
बाल संरक्षण नीति तथा कार्ययोजना -२०७२, विराटनगर
बाल संरक्षण नीति -२०७५ इश्वरपुर र गोडैता नगरपालिका , चक्रघटा गाउँपालिका सर्लाही
बालबाललिका सम्वन्धी राष्ट्रिय नीति -२०६९
बाल संरक्षण नीति -२०७५ कञ्चनरुप नगरपालिका ,सप्तरी
बाल संरक्षण नीति -२०७५ दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका ,खोटाङ
बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति -२०६८
बालमैत्री स्थानीय शासन कार्यान्वयन -२०६८